# प्रजातान्त्रिक लोक दलको घोषणापत्र



प्रकाशकः
केन्द्रीय समिति
काठमाडौं, नेपाल

# प्रजातान्त्रिक लोक दलको घोषणा पत्र

## १. आजको परिवेश

हजारौं वर्षको यात्रा समाप्त गरी मानव समाज आफ्ना विगत अनुभव उपलब्धीहरुको मूल्यांकन र संयोजनको बलबाट एक नयाँ युगमा प्रवेश गर्ने तरखरमा छ विज्ञान र प्रविधिको विकास कल्पनै गर्न नसकिने उचाइबाट अझ आकाशिदै छ, र परिणामस्वरुप व्यापकरुपले फैलिरहेको संचार र संवादको प्रकृयाले विश्वलाई नै साँगुरो पारेको छ । शीत युद्धको समाप्ति पछि आज वैयक्तिक स्वतन्त्रता एवं मानव अधिकारयुक्त प्रजातान्त्रिक परिपाटि प्रति विश्वव्यापी रुपमा सहमतिको वातावरण बन्दै गइरहेको छ भने अब विश्वमा शान्ति, प्रगति र न्याय अविभाज्य हुने विश्वास पनि यत्रतत्र गरिदैछ । तर विश्व परिस्थिति यति सरल र सहज छैन । किनभने, अर्कोतिर, भौतिक रुपले व्यापक प्रगति हासिल गर्न सफल भएका पाश्चात्य मुलुकहरु पनि सामाजिक विकृति, बढ्दो असमानता र पर्यावरणीय असन्तुलनका नयाँ समस्याहरुबाट ग्रसित हुन पुगेका छन् । विकासको मार्गमा अझै पछाडि परेका राष्ट्रहरुको त कुरै भएन । विद्यमान प्रकृया यथावत रहेमा हाल सम्मका उपलब्धी टिकाउ हुन नसक्ने र विश्व शान्ति र सुरक्षा पनि निश्चित नहुने निष्कर्षहरुले विश्व चिन्तनमा महत्वपूर्ण ठाउँ अझ ओगट्दैछन् । यसरी आज आधुनिकीकरण र उपभोक्तावादको अगुवाई गर्ने मुलुकहरु र त्यसको अन्धाधुन्ध अनुसरण गर्न खोज्ने विकासशील राष्ट्रहरु सबैले आधुनिक सभ्यताको मर्मको पुनर्मूल्यांकन गर्नु पर्ने स्थिति प्रष्ट हुन पुगेको छ । आधुनिकीकरणको छिटफुट प्रयास र प्रवृत्ति कै भरमा विकासशील पंक्तिमा गनिने तर पछौटे सोचाई र सम्बन्धहरु कै बाहुल्य रहेका अल्पविकसित मुलुकहरुको स्थिति अझ चुनौतिपूर्ण छ ।

### विरोधाभाषपूर्ण विश्वः

समग्ररुपमा हेर्दा आजको विश्व वास्तवमा विभिन्न विरोधाभाषहरु वीच गुज्रिरहेको छ । प्रजातन्त्रको नव-आँधी आएको भनिने यस युगमा पनि निर्वल राज्यहरुले वलिया राज्यहरुको स्वार्थ पूर्तिमा सघाउ पुऱ्याउने शासक र शासन व्यवस्थाले नै अग्राधिकार पाउने संकेतहरु देखिँदै छन् । विश्वमा केन्द्रीभूत हुन पुगेको शक्तिको स्वरुप र उपयोगबाट साना र निर्धा राष्ट्रहरुमा प्रजातन्त्र र मानवाधिकार जस्ता शास्वत अवधारणाहरु पनि निहित बाह्य स्वार्थको परिपूर्तिको माध्यम मात्र हुने हुन् कि भन्ने शंका उठ्छ भने त्यसलाई अस्वाभाविक भन्न नमिल्ने स्थिति छ । अर्कोतिर, आर्थिक सुधारको नाममा हाल अपरिहार्य ठहऱ्याइएको आर्थिक विश्वकीकरणको प्रकृया र विभिन्न विकासोन्मुख मुलुकका जनआकांक्षा र जननेताका क्षमता वीच तालमेल मिल्न नसक्दा तेस्रो विश्वका मुलुकहरुको विकासको निम्ति अधिनायकवादी शासन व्यवस्था नै उपयुक्त भन्ने तर्क समेत फेरि उठ्न थालेको छ । उदेक लाग्दो कुरा के छ भने आर्थिक उदारवादको वकालत गर्ने औद्योगिक राष्ट्रहरु वास्तवमा सामाजिक प्रजातन्त्रवादी मुलुक सुहाउंदो जनकल्याणकारी राज्यको विस्तारमा लागेका छन् भने व्यापक विपन्नता, अभाव र अशिक्षाबाट पीडित मुलुकहरु भने उदारवादको प्रभावबाट सरकारी भूमिका र सामाजिक लगानी घटाउन वाध्य गराइदैछन् । राष्ट्रिय आयको २० प्रतिशत देखि ४५ प्रतिशतसम्म रासी केन्द्रीय सरकारको राजस्वको रुपमा उठाई खर्च गर्ने उत्तर अमेरिका र युरोपका मुलुकहरुको

अगुवाइमा त्यो अनुपात १० प्रतिशत मात्र भएको नेपाल जस्तो मुलुकले आर्थिक उदारवादको पाठ सिक्न र कार्यान्वयन गर्न परिरहेको छ । आर्थिक दक्षताको नाममा स्वदेशी उद्योगहरुको महत्वलाई गौण बनाइदैछ । अनि, खुला व्यापार तथा पूँजी र प्रविधिको अनियन्त्रित प्रवाहलाई नयाँ विश्व आर्थिक संरचनाको रुपमा स्थापित गर्न खोज्ने विकसित औद्योगिक राज्यहरु नै आ-आफ्नो स्वार्थमा व्यापार संरक्षणका नीतिहरु अख्तियार गरिरहेका छन् । आफ्ना स्वार्थ अनुकूल आफ्नै व्यापार र आर्थिक प्रणालीको संरक्षणमा आवद्ध हुँदै गएका यी मुलुकहरु आफै बीच मतभेद यति गहिरो छ कि यी सबैको निम्ति समेत अति आवश्यक नयाँ अन्तर्राष्ट्रिय व्यापार प्रणालीको निर्णयमा यी राष्ट्रहरु पुग्न अझ सकेका छैनन् । विकासशील तथा तेस्रो विश्वका मुलुकहरुको हित प्रवर्द्धनको सवाल त त्यसै उपेक्षित रहिरहेकै छ । अहिले आएर तिनको अर्थतन्त्रलाई विश्वव्कीकरण गर्ने जुन प्रयास गरिंदैछ, यस अनुसार यस्ता अर्थतन्त्रका मौलिक समस्याहरुको छुट्टै मूल्यांकन र समाधान जुटाउने अभिभाराबाट नै विकसित राष्ट्रहरुले मुक्ति खोजे सरह हुन गएको छ ।

शीत युद्धको समाप्ति पछि आशा गरिएको शान्ति र निरस्त्रीकरणको वातावरणको फल विश्वजगतले भोग्न पाइरहेको छैन । महाशक्ति बीचको होडबाजी अब नरहे पनि एशिया, अफ्रिका र युरोप कै केही देशहरुले पनि बढ्दो मात्रामा अशान्ति, हिंसा र आतंकको शिकार हुन परिरहेछ । हाम्रो दक्षिण एशियाली क्षेत्रमा प्रमुख राज्यहरु बीचको तनाव यथावत छ र काहालीलाग्दो विपन्नताबाट मुक्तिको निम्ति नयाँ उपाय वा पहलहरु सिर्जना भएका देखिँदैनन् ।

यी सबै प्रवृत्तिहरुलाई निहालेर हेर्दा नेपालको राष्ट्रिय परिकल्पना नेपाली अनुभव र आकांक्षाबाटै निसृत हुनु पर्ने कुरा निर्विवाद छ । यसो गर्दा अरु देशहरुको सकारात्मक नकारात्मक दुवै प्रकारका अनुभवहरुबाट फाइदा लिंदै आफ्नो विकासको निम्ति मार्ग-दर्शन तय गर्न पाउनु निश्चय पनि नेपालको निम्ति लाभदायक हुनसक्छ । तर यसको निम्ति चाहिने राजनैतिक इच्छा र बौद्धिक एवं सैद्धान्तिक निष्ठाको पनि उत्तिकै महत्व छ । यही अनुभव र मान्यतालाई अगिंकार गर्दै प्रजतान्त्रिक दलको हैसियतले प्रजातान्त्रिक लोकदल आफ्नो कार्यदिशा प्रष्ट गर्न चाहन्छ ।

**नेपालको नियति :**

विश्वमा बढेको ज्ञान, विज्ञान, कृया-अन्तरकृया र पृथ्वीका कैयन थलोहरुमा भएको अपूर्व आर्थिक सामाजिक विकासको फलबाट हाम्रो मुलुक प्राय बञ्चित रह्यो । अहिले पनि विश्वभर उदयमान भनिएको प्रजातन्त्रको अनुभव अनुत्तरदायी राजनैतिक पार्टीहरुको कृयाकलापले गर्दा हाम्रो निम्ति आँपको वृक्षमा फलेको टर्रो फल जस्तो हुन लागेको छ । आज केहीले यस आधुनिक युगको लाभ चाख्न पाई सकेता पनि बहुसंख्यक जनता भने रोजी रोटी कै प्रश्नमा अल्झिरहनु परेको छ र मध्ययुगीन भेदभाव, आर्थिक अभाव र सामाजिक पछौटेपनबाट ग्रसित हुनु पर्ने कुरा बहुसंख्यक जनताको निम्ति मूल यथार्थ भएको छ । फलस्वरुप, खानपाएका-नपाएका, सम्पन्न -विपन्न, शोषक-शोषित, शिक्षित-अशिक्षित, शासक-शासित, उत्पादक-उपभोक्ता सबैको मनोवल अहिले गिर्दो अवस्था हुनु आफैमा एक विडम्बना हुन पुगेको छ । अर्थात् , विद्यमान परिस्थितिले सृजना गरेको अन्यौल, अनास्था, नैराश्यता र एक किसिमको पलायनवादको प्रवृत्तिले सबै तह, सबै वर्ग र सबै पक्षका नेपालीलाई समान रुपले ढाकेको प्रष्ट देखिनु नै आजको एक प्रमुख चुनौती हो । यस अवस्थाबाट मुक्ति नखोज्ने वा नपाउने समाज भविष्यमा पनि विश्व प्रगतिमा सहभागी हुन पाउने छैन, वरु यस्तो समाजले



इतिहासको क्रमबाटै विलीन हुनु पर्ने संभावना रहन्छ । आर्थिक उदारवादको नाममा प्रश्रय दिन खोजिएको मत्स्य-न्यायको पद्धतिले वास्तवमा यही प्रवृत्तिलाई लक्षित गर्न थालिसकेको छ । राज्य विलीन नभए पनि बजारु प्रतिस्पर्धामा अड्न नसक्ने समुदायहरु लोप हुनु यो युगको स्वभाविक प्रवृत्ति हुने हो कि भन्ने डर छ ।

तसर्थ, आजको मूल आवश्यकता हो, अनास्था र नैराश्यताको विनासकारी मनस्थितिबाट नेपाली जनमानसलाई मुक्त गर्दै सिर्जनात्मक संस्कृति र शैलीको वलमा राष्ट्रनिर्माण तर्फ उन्मुख गर्नु । अनि यसको निम्ति अर्को आवश्यकता हो - राष्ट्रिय र अन्तर्राष्ट्रिय यथार्थहरुको सम्मिलनबाट आंकलित आर्थिक सामाजिक दर्शनको आधारमा उपयुक्त राजनीतिक नेतृत्व र सामाजिक संवेदनशीलता प्रदर्शन गर्ने राजनीतिक शक्ति । यसै आवश्यकताको परिपूर्तिको निम्ति दृढ प्रतिवद्धता जाहेर गर्दै दश महिना अघि नेपाली जनता बीच प्रकट भएको प्रजातान्त्रिक लोकदल आजको अन्तरनिर्भर युगमा विश्व घटनाक्रमको मूल-प्रवाह तथा नेपाली समाज र राजनैतिक शक्ति संरचनाको वस्तुनिष्ठ विश्लेषणको आधारमा आफ्नो औचित्य र भूमिकालाई सार्थक बनाउन उद्यत छ । यस कार्यमा यो दल सम्पूर्ण प्रजातन्त्रवादी, समतावादी, राष्ट्रवादी शक्ति व्यक्तिहरुको सहयोग र सद्भावनाको आव्हान गर्दछ ।

## २. सैद्धान्तिक वैचारिक आधार

प्रजातान्त्रिक लोकदल मुलुकको राजनैतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक क्षेत्रको विकास प्रजातान्त्रिक प्रकृयाबाट हासिल गर्न चाहन्छ । प्रजातन्त्रको पूर्णता सँगसँगै यी क्षेत्रहरुमा पनि अपेक्षित सुधार हुनुपर्ने हुँदा यस पार्टीको लक्ष्य र आदर्श भनेको पूर्ण प्रजातान्त्रिक समाज नै हो । प्रजातन्त्र स्वतन्त्रताको पर्यायवाची मात्र होइन, यो जन कल्याणको मूर्तरुप पनि हो । प्रजातन्त्रमा व्यक्तिगत स्वतन्त्रताको जति कदर हुन्छ, त्यतिकै यसले सबैबाट सामाजिक जिम्मेवारीको पनि अपेक्षा राख्दछ । समाजको सम्पूर्ण क्षेत्रमा सामाजिक न्याय र समानताको स्थापना प्रजातन्त्रको सार्थकता र पूर्णताको निम्ति पूर्वाधार हुन्छ । यस्तो सामाजिक प्रजातन्त्रले वर्गीय, जातिगत, क्षेत्रीय या लैंगिक शोषणलाई अनुचित ठहऱ्याउँछ । त्यस्तै, दिगो विकास र वातावरणीय संतुलन बीच सोझो सम्बन्ध भएको हुँदा आजको कुनै पनि सभ्य समाज प्रकृतिको समेत अनुचित दोहनको पक्षमा हुन सक्दैन । वरु सम्पूर्ण प्राकृतिक जैविक सम्पदालाई आजको मात्र होइन, भविष्यको समेत विश्व समाजको साझा सम्पत्तिको रुपमा जगेर्ना र विकास गर्नुपर्ने कुराले मान्यता पाउँदैछ । आधुनिक पूँजीवादी क्रान्तिले भने स्वतन्त्रता, समानता र भातृत्वको कुरा उठाए पनि समताको आधारमा प्राकृतिक श्रोतको उपभोग देखि मानवीय आधारभूत आवश्यकताको परिपूर्ति सम्मका कुराहरुमा तिनलाई प्रतिबिम्बित गर्न सकेको छैन । जे प्राप्त गर्न सकिएको छ, ती सबैलाई सोझै हाम्रो समाजमा रुपान्तर गर्न मिल्ने अवस्था पनि छैन । तसर्थ, नेपालको विद्यमान पछौटे तथा विषम आर्थिक-सामाजिक संरचनाको उपचारमा सामाजिक प्रजातन्त्रको अवधारणा र त्यसबाट निसृत राज्य नीतिले नै निर्णायक महत्व राख्दछ । समाज विकासको दिशा, घटनाक्रम र अनुभवले पनि विकासको यही मूल मर्म र मार्गलाई सम्पुष्टि गरिरहेका छन् । तसर्थ प्रजातान्त्रिक लोकदलको सैद्धान्तिक-वैचारिक आधार सामाजिक-प्रजातन्त्रको अवधारणाभा अडेको छ ।

**सामाजिक-प्रजातन्त्र राज्य-पूँजीवाद होइन :**

हाम्रो सामाजिक प्रजातन्त्रको तात्पर्य कम्युनिष्टहरुले प्रयोग गरेका निजी सम्पत्ति व्यवस्थाको उन्मूलन गरी "समाजवाद" को नाममा खडा गरिने राज्य पूँजीवाद कदापि होइन ।

जन कल्याणको अभिवृद्धिको निम्ति आवश्यक सार्वजनिक तथा सामूहिक सम्पत्ति व्यवस्थाको साथमा निजी सम्पत्तिको प्रभावकारी सहअस्तित्वमा हामी पूर्ण विश्वास राख्दछौं । वास्तवमा उत्पादनका सामाग्रीको स्वामित्वको चरित्रले हाम्रो सामाजिक प्रजातन्त्रसंग एकलौटी सम्बन्ध राख्दैन । हामी शोषणबाट मुक्ति र उत्पादकको न्यायोचित हकसंग सामाजिक प्रजातन्त्रलाई संवद्ध राख्न चाहान्छौं । त्यस्तै प्रजातन्त्र प्रति हाम्रो प्रतिवद्धता भनेको राजनीतिमा बहुलता इतिहासको कुनै एक निश्चित काल खण्डसमम मात्र स्वीकार्नु होइन । हामी राजनैतिक बहुलतालाई समाजका विविध स्वार्थहरुको प्रशोधन गरी बहुलतामा एकता र एकतामा बहुलताको आधारमा जनकल्याणको अभिवृद्धिमा सघाउ पुऱ्याउने प्रजातान्त्रिक समाजको स्थायी आधार मान्दछौं ।

व्यक्ति विशेषको सोख, स्वार्थ, अहम् र आकांक्षालाई पूर्णतया नकार्दै समाज नै मानव विकासको मूल इकाई र शक्ति हो भन्ने धारणाबाट संचालित हुन खोज्ने साम्यवादी प्रयोग संसारमा असफल हुन पुगेको छ । यसको ठीक विपरित मानव सभ्यताको विकासमा "जे हो व्यक्ति हो" भन्ने धारणा राखी समाजको भूमिका र आवश्यकता नै नकार्ने पूँजीवादी प्रयोग पनि सामाजिक र मानवीय दृष्टिले असफल सावित भइसकेको छ । यसो नहुँदो हो त पूँजीवादी सोचाइको बाहुल्यताबाट निसृत अहिलेको विश्व परिवेश माथि उल्लेख गरिए अनुसारका विकृति र विरोधभाषहरुले ग्रसित हुने थिएन । हाम्रो मुलुकभित्र हेर्ने हो भने उद्यमशीलतालाई होइन लोभलाई, बचतलाई होइन उपभोगलाई, परिश्रमलाई होइन शोषणलाई र स्वतन्त्र जीवनलाई होइन पराश्रयी आचरणलाई नै पूँजीवाद वा आर्थिक उदारवादको लक्षण मानिने थिएन । वास्तवमा यस्तो विकृति अहिलेको मूल समस्या भएको छ । तसर्थ व्यक्तिगत स्वार्थ र सामाजिक दायित्व बीच उत्तम सन्तुलनको खोजी गर्ने हाम्रो सामाजिक प्रजातन्त्र वास्तवमा उदारवाद, समाजवाद, मानवतावाद, जनकल्याणकारी राज्य र स्वाबलम्बी समाजका उच्चतम आदर्शहरु र अनुभवहरुको सम्मिलन हो । हाम्रो सामाजिक प्रजातन्त्रमा राज्यको भूमिकाको अर्थ नोकरशाहीले उत्पादक वर्गमाथि मनमानी गर्ने व्यवस्था हुँदैन । व्यक्तिगत उद्यमशीलताको प्रवर्द्धन र प्रोत्साहनको निम्ति बजारको शास्वत नियमले पाउनु पर्ने मान्यता हामी सकार्छौं । तर सामाजिक प्रजातन्त्रमा यो उदारवादलाई शोषित र विपन्नको मुक्ति र सामाजिक सद्भाव र सहयोगको अभिवृद्धिको निम्ति चाहिने मानवतावादले सन्तुलन गर्छ । त्यस्तै प्रत्येक नागरिकको मानवोचित मर्यादा अनुकूल बाँच्न पाउने अधिकारको संरक्षणको निम्ति चाहिने जनकल्याणकारी राज्य र मानिसको सृजनात्मक प्रतिभा र आत्म सम्मानजन्य उत्पादनशीलतालाई सिंचित गर्न चाहिने स्वावलम्बनको भावना पनि हाम्रो सामाजिक प्रजातन्त्रका थप सैद्धान्तिक पक्षहरु हुन् । अनि, हाम्रो पछौटे मानसिकता र इतिहासको क्रमले गर्दा आर्थिक-सामाजिक क्षेत्रमा पछाडि परेका या पारिएका वर्ग, क्षेत्र, जात, जाति या महिला वर्गको समुत्थान तथा हक सुरक्षित गर्न र हाम्रो सम्पदामाथि भावी पिढीहरुको हक मासिन नदिनको निम्ति चाहिने सामाजिक न्याय र दिगो विकास प्रणाली प्रति प्रतिवद्धता हाम्रो सामाजिक प्रजातन्त्रको समाजवादी पक्ष हो । यसरी सामाजिक प्रजातन्त्रले लोभ लालचलाई होइन परिश्रम र सृजनालाई महत्व दिन्छ, सार्वजनिक सम्पत्तिको दुरुपयोग र भ्रष्ट आचरणबाट हासिल गर्ने व्यक्तिगत लाभलाई होइन, उत्पादनशीलताबाट अभिवृद्धि हुने व्यक्ति विशेषको भौतिक र आध्यात्मिक उन्नतिलाई पनि समाजकै विकासको अंगको रुपमा ग्रहण गर्दछ र तदनुरुप प्रोत्साहन र समन्वयको वातावरण उपलब्ध गराउँदछ ।



## ३. समतावादी समाज र सबैको निम्ति समानता

हाम्रो समाज नयाँ पुराना विविध विशेष समस्याहरुबाट आक्रान्त छ । आय, सम्पत्ति र अवसरको असमान वितरणले समाजको वर्गीय स्वरुपलाई अझ असमान बनाउँदैछ । यस अवस्थाले समाजका सदस्यहरुको आत्म-निर्णय र राजनैतिक सहभागितालाई सीमित गर्दैछ । त्यतिमात्र होइन राजनीति र राज्य संचालनका धारणाहरुको निर्माणको काममा नै यसको विशाक्त प्रभाव बढ्दै गई रहेको छ । प्रजातान्त्रिक राज्य व्यवस्था र बहुदलीय राजनीतिक पद्धतिको आधारमा समाज परिवर्तनको आकांक्षा राख्ने हामीहरुको निम्ति यो अवस्था वास्तवमा चुनौतिपूर्ण छ ।

हामी समतावादी समाजको पक्षमा छौं । यस समाजमा सबै मानिसहरु स्वतन्त्र, समान र व्यक्तिगत रुपमा गरिमायुक्त हुनेछन् । आफ्नो जीवन र कामलाई प्रभावित गर्ने निर्णयमा सबैको समान हक रहनेछ । हामी सम्पूर्णतामा बन्धन र शोषणबाट मुक्त समाज चाहान्छौं ।

**महिला प्रति सम्मान र आस्था :**

हामी यस्तो समाज निर्माण गर्न चाहान्छौं जहाँ महिला र पुरुष बीच सामाजिक भेदभाव रहँदैन । हाम्रो समाजमा भौतिक उपस्थितिको हिसाबले आधा आधा भाग ओगट्ने यी दुवै थरी नागरिक समानता, स्वतन्त्रता र ऐक्यवद्दताको आधारमा हाम्रो सामाजिक जीवनमा समान सहभागी रहन्छन् । हामी चाहन्छौं महिला र पुरुष दुवै थरी समाजका सबै क्षेत्रका क्रियाकलापमा सहभागी होउन् र उपलब्धी आर्जन गर्न स्वतन्त्र एवं सक्षम होउन् । हाम्रो परिकल्पनाको समाज पितृसत्तात्मक या मातृसत्तात्मक विचार तथा कार्यप्रणालीबाट मुक्त रहनेछ । विद्यमान समाजमा पितृसत्तात्मक संस्कृति हावी रहेको छ र महिला तथा पुरुष बीच समानताको निम्ति चाहिने संवैधानिक पूर्वावश्यकता अझै वास्तविकतामा रुपान्तरण हुन सकेको छैन । समाजको आधी आयामलाई चुल्हो चौकासा र बिना इज्जतको कठोर जीवन यापनबाट अझै मुक्त गर्न सकिएको छैन । उनीहरुलाई प्रशिक्षणको क्षेत्रमा होस् या सरकारी सेवामा, व्यापारमा होस् या उद्योगमा, विज्ञानमा होस् या कलामा, राजनीतिमा होस् या संचारमा समानता उपयोग गर्ने स्थिति सृजना गर्नु प्रजातन्त्रको सार्थकताको निम्ति मात्र होइन नेपाली सभ्यता कै गरीमाको निम्ति आश्यक भइसकेको छ । महिलाको नाममा आज भोलि चलन चल्तिमा रहेका चेलीबेटी कार्यक्रम, पेवा कार्यक्रम वा उत्पादन ऋण जस्ता कार्यक्रम सामाजिक विकासको दृष्टिकोणले अपूर्ण छन् । महिला विकासको निम्ति वास्तवमा आवश्यक कुरा हो महिला प्रति समाजले व्यक्त गर्नु पर्ने सम्मान र समानताको भाव र तदनुकूल संस्थागत सुधार । यस क्षेत्रमा ग्रामीण दिदी बहिनीहरुको अवस्था वास्तवमा दयनीय छ तापनि माथिल्लो दर्जामा गनिने जातजातिका परिवारहरुले पिछडिएको भनिने समाजको विकसित संस्कृतिबाट सिक्न सकिने कुरा पनि धेरै छ । त्यस्तै, नेपाल अधिराज्यको संविधानको धारा ११४ ले राजनैतिक दलहरुबाट प्रतिनिधि सभाको निम्ति प्रत्याशी उम्मेदवारहरु मध्ये "कम्तीमा पाँच प्रतिशत" महिला हुनुपर्ने व्यवस्था गरेकोमा कुनै पनि प्रमुख राजनैतिक दलबाट गत आम निर्वाचनमा न्यूनतम तोकिएको भन्दा बढी उम्मेदवार नदिनु यस क्षेत्रमा हाम्रो सामूहिक पछौटेपनको परिचायक भएको छ । प्रजातान्त्रिक लोकदल यस पाँच प्रतिशतको अनिवार्यतालाई कमसेकम २५ प्रतिशतमा बृद्धि गर्ने जनमत तयार गर्न कटिबद्ध छ ।

**युवा उर्जाको सम्बर्धन :**

आजको युवाहरु भोलिको समाजको कर्णधार भएको हुँदा यस समुदायको समुचित विकासले अहम अर्थ राख्दछ । युवाहरु आफै आफ्नो जीवन पद्धति निर्धारण गर्न सक्षम हुनको निम्ति उनीहरुलाई भौतिक स्वाधिनताको आवश्यकता पर्दछ । यही कारणले गर्दा उनीहरुको शैक्षिक विकासमा आवश्यकता अनुसार सार्वजनिक तहमा सुविधा विस्तार गर्न तत्पर हुनुपर्दछ । वेरोजगार युवाहरुको निम्ति न्यूनतम सामाजिक सुरक्षाको बन्दोवस्त गरिनु वा सबै युवाहरुलाई शिक्षा र तालिमको तथा अन्ततः रोजगारीको व्यवस्था मिलाइनु पर्दछ । युवाहरुको बढ्दो निराशा कुण्ठा, कुलत तथा दुर्व्यसनको आधार वेरोजगारी, अशिक्षा तथा गरीबी भएको हुँदा त्यस आधारलाई नै फेर्न कार्यक्रमका साथ उनीहरुलाई भावी समाजको भरपर्दो अंग बनाइनु पर्दछ । राजकीय क्षेत्रमा प्रत्यक्ष रोजगारीका अवसरहरु विस्तार गरेर मात्र युवा वेरोजगारीको समस्या हल गर्न सकिन्छ भन्ने हाम्रो मनसाय होइन । राज्यको साधन सरकारी रोजगारीको अवसरको अभिवृद्धिमा होइन, बहुसंख्यक नागरिकहरु आफै उद्यमी भई कृषि, उद्योग देखि स-साना सेवामूलक कार्यहरु संचालन गर्ने क्षमताको विस्तारमा उपयोग हुनु पर्छ भन्ने आग्रह छ । यस दिशातर्फ राज्य संवेदनशील मात्र देखिए पनि विद्यमान युवा उदासीनता हटाउन सकिन्छ भन्ने हाम्रो विश्वास छ ।

**बालक, बृद्ध र अशक्तको मर्यादा :**

हामी त्यस्तो सामाजिक व्यवस्थाको पक्षपाती छौं जहाँ बालबालिका, युवा र वृद्धहरु सहअस्तित्व, सद्भाव तथा पारस्परिक प्रेम र मर्यादामा रहन सकुन् । हामी त्यो सामाजिक व्यवस्थाको पक्षमा छौं जहाँ वर्तमान र भावी पिँढीका स्वार्थहरु बीच सन्तुलन कायम हुन सकोस् । संकीर्ण स्वार्थ र उपभोक्तावादको बलमा वर्तमान पिँढीलाई भावी पिँढीको गाँस खोस्ने अधिकार हुनु हुँदैन भन्ने हाम्रो धारणा छ । वरु वर्तमान पिँढीले भावी पिँढीको अस्तित्वको आधार विस्तार गर्नु पर्दछ । पुरानो पिँढी र नयाँ पुस्ता बीचको सहअस्तित्वलाई सुमधुर र मानवोचित बनाउन साँस्कृतिक, शैक्षिक तथा सामाजिक मान्यताको बारेमा आम बहस, चिन्तन र अध्ययन हुनु पर्छ । हामी परित्यक्त र एकांकी जीवन गुजार्न पर्ने स्थिति कसैलाई पनि आउन दिनु हुँदैन भन्ने पक्षमा छौं । अशक्तहरुको जिम्मा राज्यले नै लिनु पर्दछ भन्ने हाम्रो धारणा छ ।

**जातीय, साँस्कृतिक समता :**

नेपालमा विभिन्न जाति, धर्म र संस्कृतिका मानिसहरुको सह-अस्तित्व छ । नेपाल राष्ट्रको आधार यही बहुजातीय, बहुधार्मिक तथा बहुसाँस्कृतिक स्वरुप भएको हुँदा यसलाई सुदृढ र सवल बनाउन सबै जाति, धर्म र संस्कृतिका जनता बीच समानता, न्याय र एकता स्थापित गरिनु पर्दछ । समाज र इतिहासले पछि पारेका जात जातिलाई विशेष सुविधा पुऱ्याई तिनलाई उकासेर तथा जातीय असमानता र भेदभावको व्यवहारलाई सच्याएर राष्ट्रिय मूल-प्रवाहमा सबै नेपालीको समान र न्यायपूर्ण हक स्थापित गरिनु पर्दछ भन्ने कुरामा प्रजातान्त्रिक लोकदल दृढ छ ।

**क्षेत्रीय समता :**

प्रजातान्त्रिक नेपालमा अतीतका पूर्वाग्रह र सम्बन्धहरुबाट निसृत जातीय भेदभावको लागि कुनै स्थान रहँदैन भने क्षेत्रीय हिसाबले उपेक्षित जन समुदायले पनि राष्ट्रिय मूल-प्रवाहमा पूर्ण सहभागी भएको अनुभूति गर्न पाउनु पर्छ भन्ने हाम्रो धारणा छ । विकासको निम्ति हुने



लगानीको विकेन्द्रीकरण र मानव मात्रको निम्ति सेवा र सुविधाको विस्तारबाट विकासमा क्षेत्रीय असन्तुलन स्वतः अन्त हुने छ र तराई र पहाडका पिछडिएका ग्रामीण क्षेत्रहरुको द्रुततर विकास सम्भव हुनेछ । साथै तराईमा बसोबास गर्ने मधेसे हुन् वा पहाडी र हिमाली भेगमा बस्ने मंगोल समुदाय वा जहाँसुकै बस्ने आदिवासीहरुले पनि सबै नेपाली नागरिक सरह सार्वजनिक प्रशासनदेखि सेना, प्रहरी वा अरु जुनसुकै राष्ट्रिय कृयाकलापमा पूर्ण हकदार हुन पाउनु पर्छ भन्ने हाम्रो मान्यता छ ।

## ४. मानव अधिकार तथा मानवीय मर्यादाको रक्षा

प्रजातान्त्रिक लोकदल मानव अधिकारको प्रत्याभूतिप्रति प्रतिवद्ध छ । हाम्रो दृष्टिमा राज्य र अर्थतन्त्रको संरचना जनताको निम्ति हो र त्यसमा उनीहरुको अधिकार सुरक्षित हुनु पर्दछ । नागरिक अधिकार र स्वतन्त्रता, निर्णय प्रकृयामा सहभागिता सम्बन्धी राजनीतिक अधिकार तथा मौलिक सामाजिक अधिकार बीचको संतुलनबाट मात्रै मानव अधिकारको मर्यादा राख्न सकिन्छ । हामी मानव अधिकारलाई राजनैतिक अधिकारमा मात्र सीमित गर्ने पक्षमा छैनौं । राजनैतिक अधिकार र नागरिक स्वतन्त्रता तव मात्र सार्थक हुन्छ जब यस्तो अधिकारको निर्वाहले जनजीविका र सामाजिक सुरक्षाको पनि प्रत्याभूति गर्छ । त्यस्तै, प्रत्येक नगारिकको हक भने झैं नेपाल राष्ट्रका प्रत्येक जनसमुदायको आर्थिक सामाजिक तथा साँस्कृतिक हक पनि हुन्छ । यो हकको सम्वर्द्धनबाट सबै जातजाति नेपाल राष्ट्रको निर्माणमा सहभागी हुन पाउँछन् । अनि, एकतामा विविधता र विविधतामा एकताको सिद्धान्त फल्न फुल्न पाई राष्ट्र चौतर्फी विकासको मार्गमा अग्रसर हुन पाउँछ भन्ने हाम्रो विश्वास छ ।

## ५. समाज र राज्यमा प्रजातन्त्र

नेपाली जनताले लामो, कष्टमय र वलिदानपूर्ण संघर्षबाट प्रजातन्त्रको पुनर्स्थापना गरेका हुन् । प्रजातन्त्र एउटा यस्तो प्रक्रिया र परिपाटी हो जसको पूर्णताको निम्ति हरदम र प्रयत्नशील भई रहनु पर्दछ । प्रजातन्त्र शासकहरुको देखाउने दाँत या तानाशाहहरुले भन्ने गरे जस्तै दलहरुको दलदल या सामाजिक अशान्ति र मुठभेटको प्रतिरुप होइन, यो त सामान्य जीवन पद्धति हो किनभने यसले मानव मर्यादाको सम्मान तथा वैयक्तिक स्वतन्त्रता र सामाजिक जिम्मेवारी बीचको सन्तुलनलाई अभिव्यक्त गर्दछ र प्रत्येक नागरिकको प्रतिभालाई प्रस्फुटन हुने अवसर प्रदान गर्छ । त्यसैले प्रजातन्त्रको पूर्णता निम्तिको संघर्ष अनन्त छ । हामी त्यसमा जुझी रहेका छौं र यस अर्थमा प्रजातान्त्रिक लोकदल एक साँघुरो उद्देश्यबाट प्रेरित राजनीतिक संगठन नभई एक अभियान कै रुपमा प्रस्तुत हुन पुगेको छ ।

हामी दोहऱ्याउन चाहान्छौं प्रजातन्त्र भनेको निर्वाचन र संसद मात्र होइन न त यसको अर्थ पार्टीहरुले पालैपालो वा मिलेर सत्ता तथा सुविधा भोग गर्ने कुरा हो । प्रजातन्त्रलाई पूर्णता दिन मूलतः राज्यव्यवस्था र सम्पूर्ण समाजलाई प्रजातान्त्रिक संस्कृतिले अनुप्राणित गर्नुपर्छ । प्रजातन्त्रसंग गाँसिएको बहुलवादको मूल अर्थ सहिष्णुता हो, त्यस्तै यसको अर्थ मतभेद मात्र होइन अल्पमतको कदर पनि हो । तसर्थ प्रजातान्त्रिक संस्कृतिको माध्यमबाट समाजमा सुमधुर एवं गतिशील सन्तुलनको प्रतिस्थापनमा यो पार्टीले विशेष महत्व दिने छ ।

स्वतन्त्रताको सार र जीवन नै प्रजातन्त्र हो । स्वतन्त्रताको माने त्यति वेला मात्रै रहन्छ जब मानिसहरु आफ्नो जिम्मेदारी निर्वाह गर्न उत्सुक र सक्षम रहन्छन् । समाज र राज्यमा कुनै पनि व्यक्ति प्रजातान्त्रिक सहभागिताबाट विमुख हुनु हुँदैन । प्रजातन्त्रको मर्यादा राख्ने काम समाजको हो र यो काम समाजको प्रजातान्त्रिक संस्कृतिमा भर पर्दछ । प्रजातन्त्रमा खतरा त्यतिखेर उत्पन्न हुन्छ जब आर्थिक या संचार शक्तिहरु विकेन्द्रीकरणको वदलामा केन्द्रीत हुन पुग्छन् । हामी यस प्रवृत्तिको विरोध गर्छौं र समाजको तल्लो राजनीतिक निकाय र देशका कुना काप्चासम्म निर्णय गर्ने अधिकार र आर्थिक लगानीको विकेन्द्रीकरणको पक्षमा छौं । प्रजातान्त्रिक राज्य वर्गीय राज्य होइन । यो राज्यमा सबै नागरिकहरुको समान अधिकार र कर्तव्य हुन्छ र यहाँ राज्यले आफ्नो सामाजिक उपादेयतालाई सदा प्रमाणित गर्नु पर्दछ ।

राज्यले समाजका सबै समस्या समाधान गर्न सक्दछ भन्ने भ्रम हामीमा कत्तिपनि छैन । अनुभवले स्पष्ट पारेको छ राज्यलाई अति भार पर्‍यो भने समाजमा नोकरशाहीतन्त्र हावी हुन्छ । अनि, समाजमा नोकरशाहीतन्त्र हावी भएपछि सामाजिक उत्पादकत्व र कुशलतामै प्रतिकूल असर पर्न थाल्दछ । समाजमा राज्यको संभावित अतिक्रमणलाई नियन्त्रण गर्न नागरिक समाज सम्बन्धी संस्थाहरु विकसित गर्न हामी प्रतिवद्ध छौं । त्यस्तै नेपाली वौद्धिक परम्परा र क्षमताको सदुपयोग आवश्यकता तर्फ पनि हामी सचेत छौं ।

## ६. प्रजातान्त्रिक संवैधानिक राज्य

हामी संवैधानिक तथा कानूनी राज्यको पक्षमा छौं । यस किसिमको राज्यमा मात्रै मानव मर्यादा अनुकूल मौलिक अधिकारको व्यवस्था हुन्छ । यसमा अधिकार र कर्तव्यको अनि स्वतन्त्रता र जिम्मेवारीको सुस्पष्ट किटान हुन्छ । यस किसिमको राज्यमा मात्रै राज्यले सबै शक्तिको प्रयोग न्याय र कानूनको आधारमा गर्दछ । मौलिक अधिकारको प्रत्याभूति तथा संरक्षण गर्नु प्रजातान्त्रिक राज्यको सर्वोपरि दायित्व हो । त्यस्तै प्रजातन्त्रलाई समाजमा आर्थिक तथा सामाजिक न्यायको रुपमा स्थापित गर्ने काम पनि प्रजातान्त्रिक राज्यको नै हो । यस किसिमको राज्यमा नागरिक तथा राष्ट्रको हितसंग सम्बन्धित निर्णय निरुपणमा आवश्यक खुलापन र पारदर्शिता सुनिश्चित हुन्छ । हामी राज्यले नागरिकको नियन्त्रण गर्नेमा होइन-नागरिकले राज्यको नियन्त्रण गर्ने परिपाटीको पक्षधर हौं ।

हामी राज्यलाई विभिन्न स्वार्थ समूहहरुको साझा संरक्षक र मध्यस्थकर्ताको रुपमा लिन्छौं । त्यसैले यो सत्तासीन शक्तिको बपौतीको रुपमा संचालित हुनु हुँदैन भन्ने हाम्रो मान्यता छ । विस्तारित तथा विकासशील आधुनिक समाजलाई नियमित गर्न आवश्यक यस निकायलाई सामाजिक हित प्रवर्द्धकको रुपमा विकास गरिनु पर्दछ । राज्यको सामाजिक उत्पादकत्वलाई बढाएर सर्वाङ्गीण विकास प्रक्रियामा गति दिने हो भने सार्वजनिक प्रशासन या लोकसेवालाई दलगत राजनीतिबाट तटस्थ राखिनु पर्दछ र त्यसलाई गुणात्मक प्रतिस्पर्धाका आधारमा संगठित गरिनु पर्दछ भन्ने हाम्रो मान्यता छ सार्वजनिक सेवामा हामी पेशागत निष्ठा र निपुणताको पक्षमा छौं र त्यसको प्रवर्द्धनको निम्ति चाहिने आधार विस्तृत पारिनु पर्दछ भन्ने हाम्रो धारणा छ । नियुक्ति, पदोन्नति, पुरस्कार वा दण्डको आधार सुस्पष्ट, सुपरिभाषित र पारदर्शक हुनु पर्दछ । तिनको संगठनमा चाकरी वा जहाँनियाँ प्रभाव हुनु हुँदैन । त्यसो गर्न सकेको खण्डमा मात्रै कर्मचारीवर्गबाट निष्पक्ष र प्रभावकारी सेवा प्रदान प्राप्त हुन सक्नेछ । त्यति मात्र होइन, यस स्थितिमा मात्रै निर्णय प्रकृया तथा कार्य-सम्पादनमा



ढिलासुस्ती, अनिर्णय, पक्षपात, र अकुशलताबाट राज्य व्यवस्थालाई जोगाउँदै गति दिन सकिन्छ ।

### जनमैत्री सरकार :

प्रजातान्त्रिक व्यवस्थामा जनता र सरकार बीचको सम्बन्ध प्रजातान्त्रिक मूल्य र मर्यादा अनुरुप नै स्थापित हुनु पर्दछ । प्रजातन्त्रमा सरकार र शासनको प्रबन्ध जनताले जनताको निम्ति र जनताद्वारा गरिन्छ । त्यसैले यस व्यवस्थामा सरकार र जनता बीचको सम्बन्ध हुकुमी र तानाशाही शासनमा झैं मालिक र नोकरको जस्तो सम्बन्ध वर्जित हुन्छ । प्रजातन्त्रमा सरकारले जनतालाई कज्याउने होइन, वरु यसको उल्टो उसको उपादेयता जनताको हितमा उसले खेल्ने सहयोगी भूमिकाबाट परिभाषित हुनु पर्दछ । यो मान्यताको प्रतिपालनको प्रमाण कुनै पनि नागरिकले सरकारी संयन्त्र वा कार्यालयबाट पाउनु पर्ने र खोज्ने सेवा सुविधाको सहज प्राप्तिमा प्रकट हुनु पर्छ ।

### समानुपातिक प्रतिनिधित्व प्रणाली :

वर्तमान निर्वाचन प्रणालीले वास्तविक जन प्रतिनिधित्व गर्न सकिरहेको छैन । यसले गर्दा राज्य संचालन र शासन सम्बन्धी निर्णय प्रकृयामा बहुमतको स्थान सुरक्षित हुन सकेको छैन । प्रजातन्त्रमा कम्तिमा बहुमतको शासनलाई सुनिश्चित गर्ने हो भने वर्तमान निर्वाचन प्रणालीको सट्टामा समानुपातिक निर्वाचन प्रणालीको माध्यमबाट संसदमा जनप्रतिनिधित्व गराइनु पर्दछ । त्यतिमात्र होइन निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र धाँधली रहित बनाउन सरकार देखि मतदाता सम्मलाई सो प्रयोजनको निम्ति प्रभावित गर्ने उपयुक्त संयन्त्र र संस्थागत आधारको विकास गरिनु पर्दछ । यसरी राजनीति र निर्णय प्रकृयामा जनताको वास्तविक प्रतिनिधित्व हुने यथार्थ जनमतको स्थान सुरक्षित गर्ने परिपाटीबाट मात्र प्रजातन्त्रको सार्थकता रहने र अल्पमतको कदर हुनेछ । यस्तो अवस्थामा नै सरकारका निर्णयमा बहुसंख्यक जनताको भावना प्रतिविम्बित भएको मानिनु स्वाभाविक हुनेछ ।

संसद र सरकारलाई वास्तवमा जननिर्वाचित तुल्याउन धाँधलिरहित निर्वाचन-प्रकृयाको अतिरिक्त सामाजिक दायित्वको प्रतिपालनको आवश्यकताबाट विमुख व्यक्तिहरुलाई निर्वाचित हुने अधिकारबाटै बञ्चित गरिनु पर्छ भन्ने हाम्रो धारणा छ । सरकारी बाँकी बक्यौता भएका देखि बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण लिई नतिर्ने जस्ता व्यक्तिहरुले निर्वाचनमा उम्मेदवारी दिन नपाउने व्यवस्था गर्न हामी चाहन्छौं । प्रजातान्त्रिक लोकदल प्रजातान्त्रि संवैधानिक राज्यको पक्षमा छ भन्नुको तात्पर्य यो पनि हो कि हामी संविधान र कानून कै कतिपय पक्ष र बुँदामा आफ्नो विरोध र असहमति हुँदाहुँदै पनि हामी तिनको परिपालन गर्नेछौं । त्यसमा सुधार ल्याउनको निम्ति आवश्यक जनमत र संसदमा बहुमत ल्याउन हामी संघर्षरत रहनेछौं ।

## ७. प्रजातान्त्रिक संस्कृति र आदर्श

प्रजातन्त्रलाई सामाजिक जीवन पद्धतिको रुपमा स्थापित गर्ने काम बहुदलीय व्यवस्थामा सम्बद्ध राजनैतिक पार्टी, तिनका नेतृत्व र कार्यकर्ताहरुको हो । उनीहरुले अभिव्यक्त गर्ने सैद्धान्तिक निष्ठा र त्यस अनुरुपको आचार व्यवहारमा नै प्रजातान्त्रिक संस्कृति निहित रहेको हुन्छ । नवस्थापित प्रजातन्त्रको संक्रमणकालमा प्रजातान्त्रिक संस्कृति र आदर्शको जुन मूल्य हो त्यसलाई यता आएर जन आन्दोलनको नेतृत्वकारी शक्तिहरुले नै उपेक्षा गरिरहेका छन् । जनआन्दोलन यता, फराकिलो भएको सत्ता र सुविधाको होडमा स्थापित पार्टीहरुमा सैद्धान्तिक वैचारिक विचलन र अराजक्ताले मूल्यहीन राजनीतिलाई प्रश्रय दिइरहेको छ । उनीहरुका

घोषित सैद्धान्तिक वैचारिक मान्यता र उनीहरुले अवलम्बन गरेको व्यवहार र नीति बीचको विरोधाभास झन्झन् प्रवल भएर गइरहेको छ । सैद्धान्तिक वैचारिक प्रतिवद्धता र त्यसबाट निसृत जीवन पद्धति आनका तान फरक हुँदैछ । नेतृत्व तह नै प्रजातन्त्र, जनता र आन्दोलनको भावनाप्रति प्रतिवद्ध हुनु भन्दा सत्ता र शक्तिको दुरुपयोगबाट प्राप्त हुने लाभप्रति लालायित भएको अनुभव सर्वसाधारणले पनि गरिरहेका छन् । यसैकारण अहिले जनता प्रजातन्त्र पुनर्स्थापना निम्तिको संघर्षका दिनहरुमा अनुभूत गरिएको आस्था र आदर्शको धरोहर उखेलिन पुगेको हो कि भन्ने मनस्थितिमा पुग्दैछन् । गएको दुई-तीन वर्षभित्र मात्रै सत्ता र प्रतिपक्षी शक्ति बीच थुप्रै पटक खुला सडकमै हिंसात्मक मुठभेट भई सकेको छ र धेरै जनताले अनाहकमा आफ्नो ज्यान गुमाइसकेका छन् । सत्ता र प्रतिपक्षी शक्तिको बर्चश्वको आधार नै मुढाग्रही शक्ति प्रदर्शन बन्न पुगेको छ । सहिष्णुता, वार्ता र छलफलबाट समस्याको समाधान खोज्नबाट दुवै शक्ति भाग्न थालेको अनुभव हुँदै गई रहेको छ । केही गरी समझदारी र सहमतिमा पुगे पनि त्यसको कार्यान्वयन नहुने र समझदारीका शर्तलाई उलंघन गर्ने काम स्थापित पार्टीहरुको धर्म जस्तो बन्न पुगेको छ ।

प्रजातन्त्र पुनर्स्थापन यता रोकथाम हुने अपेक्षा गरिएको भ्रष्टाचार, कमिशनखोरी, तस्करी र आर्थिक अनियमितता पंचायती शासन कालमा भन्दा कमी नभएको यत्रतत्र अनुभव गरिँदैछ । त्यस किसिमको अनियमित आर्थिक लाभको निम्ति राजनीति, नोकरशाही र व्यावसायिक पूँजी बीचको त्रिपक्षीय संदिग्ध गठबन्धन अझ निर्लज्जतापूर्वक कसिएर गएको छ । आफ्ना गलत निर्णय र कामप्रति नैतिक जिम्मवारी लिनबाट पन्छिने प्रवृत्ति प्रजातन्त्रको भावना अनुरुप होइन-तर यही प्रवृत्ति हामी कहाँ आम बन्दै गई रहेको छ । यति मात्र होइन-प्रजातन्त्रको मर्म र आम प्रचलन अनुरुप तथा राष्ट्र र जनताको हितमा सरोकार राख्ने कतिपय निर्णय पारदर्शक हुन सकेका छैनन् । जनताको सुसूचित हुने संवैधानिक अधिकारको वारम्वार ठाडो उलंघन हुने गरेको छ ।

यस्ता पनि राजनैतिक शक्तिहरु छन् जो संसदीय प्रकृयामा त सामेल भएका छन् तर संसदीय मूल्यको ठाडो अनादर गर्दछन् । यस्ताखाले प्रवृत्ति र विसंगतिको प्रत्यक्ष फाइदा ती राजनैतिक शक्तिहरुले पाउँदैछन् जसको शोषण र दमनबाट मुक्ति पाउन राष्ट्रिय जनआन्दोलनको शंखनाद गुञ्जेको थियो । जनआन्दोलनलाई वा प्रजातन्त्रको पुनर्स्थापनाको निम्ति संघर्ष गर्नेहरुलाई दमन गर्नेहरुले पनि आज प्रजातान्त्रिक हक उपभोग गर्न पाउनु एउटा कुरा हो । तर विगतका आफ्ना कुकृत्यप्रति कुनै पश्चाताप नगर्नेहरुले आगामी दिनहरुमा पनि पुरानै स्वार्थ र गैर-प्रजातान्त्रिक मान्यताहरु कै पुनर्स्थापनामा प्रयत्नरत नरहलान् भन्न मिल्ने कारण छैन । तसर्थ, जनताले आफ्नो समस्त आस्थाको जिम्मा सुम्पेका स्थापित पार्टीहरुको कमजोरीको कारणले गर्दा पुनर्स्थापित हुन खोज्ने इतिहासले फ्याँकिसकेका मान्यता र शक्तिहरुलाई तह लगाउन पनि मुलुकको राजनीतिलाई प्रजातान्त्रिक संस्कृतिको विकासले अनुप्राणित गर्नु परेको छ । अर्कोतिर, राजनैतिक प्रकृयामा रहेका दोषहरुलाई अघि सारेर जातीय तथा सांप्रदायिक आधारमा शक्ति संगठित गर्न तम्सनेहरुको पनि कमी छैन । त्यस्तै हामी कहाँ राजनैतिक शक्तिहरुको आन्तरिक व्यवस्थाको आधार पार्टीभित्रको प्रजातन्त्र नभई अधिनायकवादी सामन्ती मूल्य नै भएको छ । यी सबले गर्दा आज हाम्रो समाजको हर अंगलाई प्रभावित गर्ने गरी साँस्कृतिक तथा नैतिक मूल्य नै नराम्ररी ह्रास हुन थालेको छ । यसको उपयुक्त उपचार भनेको सिद्धान्तनिष्ठ, स्वच्छ, सक्षम, पारदर्शी र जवाफदेही नेतृत्व नै हो । यस्तो राजनैतिक नेतृत्व नेपाली समाजको सर्वाङ्गीण, प्रजातान्त्रिक रुपान्तरणको एक आवश्यक शर्त हो भन्ने हामी ठान्दछौं ।



## ८. स्थानीय स्वशासन र स्थानीय सरकार

प्रजातान्त्रिक शासन प्रणालीको सार नै शक्ति विकेन्द्रीकरण हो । शासन र निर्णय निरुपणमा प्रत्यक्ष र व्यापक जन-सहभागितालाई सुनिश्चित गर्ने हो भने शक्तिको विकेन्द्रीकरण र स्थानीय स्वशासन नै भरपर्दो र प्रभावकारी माध्यम बन्न सक्दछ । मूलत: यसले वर्गीय, जातिगत तथा भौगोलिक रुपले पछि परेका या पारिएका जनसमुदायको स्थितिमा सुधार र सन्तुलन ल्याउन मद्धत गर्दछ । यसका अतिरिक्त यस माध्यमबाट साधन र श्रोतको समुचित संकलन, बाँडफाँड र उपयोगको सम्भावनालाई विस्तृत गर्न सकिन्छ ।

नेपालमा राज्य र शासनको ढाँचा अझै पनि केन्द्रीत नै छ । आन्तरिक प्रशासन, शान्ति सुव्यवस्था, स्थानीय साधन तथा श्रोतको संकलन र उपयोग तथा परियोजनाको छनौटमा आत्मनिर्णय गर्न सक्ने गरी स्थानीय स्वशासित इकाईको पुनर्रचना गरी त्यसलाई केन्द्रीय शासन र सरकारसंग समायोजित गर्नु पर्दछ । प्रजातान्त्रिक लोकदल यस उद्देश्य निम्ति केन्द्रीत राज्य व्यवस्थाको अंगको रुपमा रहेको वर्तमान जिल्ला प्रशासन र विकास व्यवस्थामा सुधार गरी त्यसलाई स्थानीय स्वशासनको प्रभावकारी निकायको रुपमा प्रतिस्थापित गर्न चाहन्छ ।

## ९. संवैधानिक राजतन्त्र

नेपालमा राजतन्त्रको लामो इतिहास छ । एकिकृत आधुनिक नेपालमा पनि यो संस्था अविछिन्न रुपमा रहँदै आएको छ । तर यस बीचमा यसको चरित्र भने एकनास रहेको छैन । नेपालको एकिकरण अभियानमा नेतृत्व प्रदान गरेको यो संस्था १०४ वर्षको जहाँनियाँ राणा शासनमा भने पृष्ठभूमिमा धकेलिएको एउटा नाम मात्रको संस्था रह्यो । २००७ सालको जनक्रान्तिले राणाशाहीको अन्त्य गरेपछि यसले राष्ट्रिय राजनीतिमा अगाडि आउने अवसर प्राप्त गऱ्यो । त्यो वेला पनि राजतन्त्रको भूमिका संवैधानिक राजतन्त्रको सीमा नाघ्ने गरी स्वीकारिएको थिएन । समय वित्दै जाँदा निर्वाचित जन-प्रतिनिधिहरुबाट विधान बनाई प्रजातान्त्रिक शासन पद्धति स्थापित गर्ने भन्ने टुंगो भए अनुसार राजनैतिक अभ्यास र व्यवहार भएन । राजसंस्थाको विस्तारै बढ्दो शक्ति महत्वाकांक्षा र जनक्रान्तिका शक्तिहरुको कमजोरीले गर्दा अन्तत: २०१७ सालको कालो-काण्ड घट्न पुग्यो । यस काण्ड पछि २०४६ सालको अन्त्य सम्म नै यस संस्थाले जनताको सार्वभौमिकता आफ्नो हातमा लिँदै पंचायत व्यवस्थाको नाममा एकछत्र निरंकुश राजतन्त्र चलायो । २०४६ सालको ऐतिहासिक संयुक्त-जनआन्दोलनले निरंकुश राजतन्त्रलाई संवैधानिक राजतन्त्रमा सीमित गऱ्यो । वर्तमान संविधानको निर्माणमा संलग्न शक्तिहरुले यस संस्थालाई राष्ट्रिय एकताको प्रतीकको रुपमा स्वीकारेका छन् । राजतन्त्र सम्बन्धी यस ऐतिहासिक अनुभवका सन्दर्भमा प्रजातान्त्रिक लोकदल प्रजातान्त्रिक शासन व्यवस्था अन्तरगत संवैधानिक राजतन्त्रलाई स्वीकार्दछ ।

## १०. धर्म, भाषा र संस्कृति

नेपाल अन्य मुलुकहरुको तुलनामा भौगोलिक दृष्टिले सानो भएर पनि भाषा, संस्कृति र धर्मका हिसावले संमृद्ध र विविधतायुक्त मुलुक हो । नेपाली राष्ट्रिय एकताको आधार धार्मिक,

जातीय तथा साँस्कृतिक सहिष्णुता र सद्भाव हो । साना ठूला गरी विभिन्न जात, जाति, संस्कृति र धर्मका मानिसहरुको साझा आकांक्षा र कर्मस्थल नेपाल राष्ट्र हो । यो राष्ट्रिय एकता विजित माथि विजेताको, अल्पसंख्यक माथि बहुसंख्यकको, सानो माथि ठूलोको प्रभुत्वको आधारमा विकास हुनै होइन । धर्म, संस्कृति र भाषालाई संख्याले सानो ठूलो बनाउँदैन । तसर्थ प्रजातान्त्रिक लोकदल धार्मिक, भाषिक तथा साँस्कृतिक स्वतन्त्रता र समानताको पक्षमा छ । धार्मिक विश्वास व्यक्तिको स्वतन्त्र चयनको विषय हो । सबै धर्मका मानवोचित मूल्यलाई समाजको आध्यात्मिक समृद्धिको पुनर्रचनामा सहायक बनाइनु पर्दछ । लोप हुदैं गइरहेका भाषा र संस्कृतिको संरक्षणमा राज्यले विशेष जिम्मेवारी लिनु पर्दछ भन्ने हाम्रो धारणा छ । साथै हामी सबै राष्ट्रिय भाषाहरुको उचित कदर गर्दै भिन्न भाषा-भाषी वीच सम्पर्क भाषाको रुपमा नेपाली भाषालाई विकास गर्नु पर्दछ भन्ने हाम्रो आग्रह छ ।

संस्कृतिले अध्यात्मिक समृद्धिलाई बढाउँछ र भौतिक जीवनलाई मानवोचित मर्यादा अनुकूल प्रभावित गर्छ । त्यसैकारण हामी विभिन्न जाति र संस्कृति वीच समझदारी, सम्मान र सहयोग बढाउने हर कुरामा लाग्न र उनीहरु वीच एकता र सहभागिता बढाउने कुरामा जोड दिन चाहान्छौं ।

## ११. विकास रणनीति र अर्थनीति बारे धारणा

संख्यात्मक हिसावले आठौं योजनाको कार्यान्वयनमा पुगेको नेपालमा आर्थिक सामाजिक प्रगति भने अरु बहुसंख्यक देशहरुको तुलनामा नगण्य मात्रामा हुनु जस्तो विडम्वनाले नेपाली राजनीतिक शक्तिहरु र वौद्धिक जगतलाई नै एक किसिमको अन्योलको मनस्थितिमा उतारेको छ । विकासका अवरोधहरुको सही पहिचान हुन नसक्दा वा समाधानको उपाय प्रति प्रतिवद्धता नहुँदा कहिले राज्यको भूमिकालाई र कहिले निजी क्षेत्रको स्वार्थलाई प्रोत्साहन वा दोषारोपण गर्ने स्थिति उत्पन्न भएको छ । सत्य भने यी दुवै क्षेत्रबाट अपेक्षित भूमिका निर्वाह हुनको निम्ति चाहिने सामाजिक वातावरण, राजनीतिक संस्कृति र वौद्धिक परम्पराको अभाव हो भन्ने हामी ठान्दछौं । साथै विकासका वाहक र उपभोक्ता दुवै हैसियत राख्ने जनता भने उपेक्षित अवस्थामा रहँदा विकासले लिनुपर्ने स्वचालित गति प्रस्फुटन हुन नसक्ने अवस्था छ । मुलुकको यस समग्र अनुभव र पूर्वाग्रहरहित विश्लेषणको आधारमा प्रजातान्त्रिक लोकदलले विकास र अर्थ -नीति सम्बन्धी आफ्नो धारणा तय गरेको छ ।

### आर्थिक उदारवाद बारे धारणा :

सर्वप्रथम हाल बहुचर्चित उदारवादको बारेमा हाम्रो धारणा अरु प्रष्ट्याउन आवश्यक छ । नेपाली समाजको निम्ति यस विचारको औचित्य र प्रासांगिकतावारे विचार गर्नु अघि उदारवादले १९८० को दशक देखि विश्वभर आफ्नो प्रभुत्व जाहेर गर्ने अवसर कसरी पायो त्यसको मूल्यांकन हुनु आवश्यक छ । १९८० को दशकमा कतिपय विकासोन्मुख मुलुकहरु वाह्य-ऋणको बढ्दो भारबाट टाट पल्टने अस्थामा पुगे । आफ्ना बैंकहरुमा थुप्रन पुगेका धनरासीको लगानी गर्न उद्दत पाश्चात्य पूँजीवादी शक्तिहरुले त्यस्ता विकासोन्मुख राज्यहरुको चरित्र, त्यहाँका राजनेताहरुको दुर्वलता र त्यस्ता मुलुकहरुको सामाजिक प्राथमिकता सम्बन्धी अनिश्चितताको फाइदा उठाई आफ्नो नाफा निश्चित गर्न खोजे । तर यस्ता लगानीहरुको प्रतिफल ननिस्कनु, विकासोन्मुख मुलुकहरुले उत्पादन गर्ने अन्तर्राष्ट्रिय बजारमा बस्तुहरुको मूल्यले विपरित गति लिनु र औद्योगिक मुलुकहरु आफै आर्थिक मन्दिबाट ग्रसित हुनुको



कारणहरुले समेत आर्थिक संकटमा पर्न थालेका यी विकासोन्मुख देशहरु आफुले लिएको ऋणको साँवा र व्याज तिर्न नसक्ने अवस्थामा पुगे । तेस्रो विश्वको यो "ऋण संकट" बाट पाश्चात्य लगानीकर्ताहरुले मुक्ति पाउनु पर्ने आवश्यकता टड्कारो हुन लाग्यो । यसै वीच १९७० को दशकदेखि बढो उत्साहका साथ प्रवर्द्धन गरिएको ग्रामीण विकास कार्यक्रम वा गरीवी हटाउने रणनीतिहरु पनि धेरैजसो विकासोन्मुख मुलुकहरुमा सफल नभएको देखियो । यी दुवै अवस्थाहरुको उपचारको निम्ति आर्थिक उदारवादको सिद्धान्त विश्वका आर्थिक शक्तिहरुको निम्ति समयानुकूल हुन पुग्यो । यो नीतिले अपेक्षित रुपमा विकासोन्मुख मुलुकहरुको निम्ति फल दिए पनि नदिए पनि पाश्चात्य लगानीकर्ताहरुलाई आफ्ना ऋणहरु डुब्नबाट भने बचायो । आर्थिक उदारवादसंग गाँसिएको समायोजन कार्यक्रमको कार्यान्वयनबाट मूलत: सरकारी खर्च घटाउने, आर्थिक दक्षतालाई प्रवर्द्धन गर्ने र आन्तरिक उपभोग घटाएर निर्यात वृद्धि गर्ने लक्ष्यहरुलाई प्रश्रय दिइयो । थेग्नै नसक्ने किसिमको आर्थिक अनुशासनहीनताबाट ग्रसित देशको निम्ति यस्तो उपचार आवश्यक पनि हुन सक्छ । तर भोका नांगा जनताको उपेक्षाबाट प्राप्त एकमात्र उपलब्धी निर्यात वृद्धि र वाह्य ऋणको सेवा हुन पुग्छ भने यस्तो नीतिको उत्पत्ति, सान्दर्भिकता र भविष्यवारे प्रत्येक देशले आफै विचार पुऱ्याउनु पर्छ । त्यस्तै सरकारी क्षेत्रको भूमिका, निजी क्षेत्रलाई चाहिने प्रोत्साहन, खुला व्यापार व्यवस्थाले स्वदेशी उद्योग र उपभोगमा पार्ने प्रभाव र विदेशी पूँजी तथा स्वदेशी उद्यमशीलताको सम्बन्धको पनि मूल्यांकन हुनु पर्छ । यस्तो मूल्यांकन गर्न प्रजातान्त्रिक लोकदल कटिवद्ध छ ।

नेपालको सन्दर्भमा बढ्दो सरकारी खर्च अनुत्पादक कार्यहरु तर्फ प्रवाहित भई लगानी अनुकूल प्रतिफल प्राप्त नभएको तथ्य प्रष्ट छ । प्रत्येक वर्ष ठूलो मात्रामा प्राप्त हुने विदेशी अनुदान र ऋणले पनि यही कथा दोहोऱ्याउँछ । यस्तो खर्च वृद्धि गर्दा बढ्ने बजेट घाटा नियन्त्रण गर्ने र विदेशी निर्भरता बढ्न दिन नहुने कुरामा दुइमत हुन सक्दैन । साथै प्रजातान्त्रिक राज्यमा आर्थिक अनुशासनको आफनै महत्व पनि छ । त्यस्तै, सरकारी असक्षमता, नोकरशाहहरुको स्वविवेकी नियन्त्रण र भ्रष्ट पदाधिकारीहरुको स्वेच्छाचारी आचरणबाट आम जनता देखि उद्यमशील उद्योगी व्यापारीसम्म सबै पीडित नभएका होइनन् । यस अर्थमा, आर्थिक कृयाकलापमाथि अनावश्यक सरकारी नियन्त्रण हटाउने काम र उत्तरदायी एवं पारदर्शी सरकारी व्यवहार पनि प्रजातान्त्रिक शासन व्यवस्थाको एक महत्वपूर्ण चरित्रको रुपमा ग्रहण गर्नुपर्ने हुन्छ । त्यस्तै सरकार र जनता दुवैको निम्ति बोझ बनेका सबै सार्वजनिक संस्थाहरु सरकारी भरथेगमा जीवित राख्दै सीमित स्वार्थहरुको परिपूर्ति गरिरहनु आवश्यक छैन । तिनलाई उत्पादक, श्रमिक र समाजको हितमा पुनर्रचना गर्न मिल्छ भने गर्नु पर्छ । प्रजातान्त्रिक लोकदलले आत्मसात् गर्न सक्ने उदारवादी आर्थिक दर्शनका सकारात्मक हुन सक्ने पक्षहरु थिनै हुन् । तर आत्मसात् गर्न नसकिने पक्षहरु धेरै छन्- जुन कुरा उदारवादले तिरस्कार गर्ने वितरणको पक्ष, मानवीय पक्ष र वातावरणीय सन्तुलनका पक्षहरुसंग गाँसिएको छ । त्यस्तै निजी क्षेत्र र सरकारी क्षेत्रको पारस्परिक भूमिकालाई हेर्ने दृष्टिकोण पनि हाम्रो आफ्नै छ । माथि उल्लेख गरे बमोजिम यी दुवै आर्थिक शक्तिहरुलाई हामी पारस्परिक बैमनश्यको सम्बन्धको रुपमा होइन-सहयोगी तथा परिपुरकहरुको दृष्टिले हेर्न रुचाउँदछौं ।

प्रजातान्त्रिक लोकदलको सामाजिक प्रजातन्त्रमा खासगरि देहायका मार्ग दर्शनहरुले यस दलको आर्थिक पक्ष प्रष्ट गर्ने छ ।

## बृहत् मार्गदर्शन :

१. भ्रष्ट र असक्षम सरकारको विकल्प दक्ष र जनउत्तरदायी सरकार हो, आर्थिक उदारवादको नाममा प्रश्रय दिइने अराजकता होइन । कतिपय आर्थिक नीति र कार्यक्रमको निरुपणमा बजारको नियमले आवश्यक मान्यता पाउनु पर्छ ता कि उद्यमी र उत्पादनकर्ताहरुले आफ्नो लगानी र जाँगरको उचित प्रतिफल पाउने व्यवस्था स्थापित भई आर्थिक विकासको निम्ति निजी क्षेत्रको पूर्ण सहभागिता प्राप्त हुन सकोस् र सरकार कै साधनको उपयोगमा पनि आर्थिक दक्षता देखियोस् भन्ने हामी चाहन्छौं । तर बजार वा आर्थिक सूत्रहरु राष्ट्रको निम्ति साधन हुन्छन्, साध्य होइन । अर्थात् बजारको नियमले मालिकको होइन, सेवकको भूमिका निर्वाह गर्नुपर्छ भन्ने हाम्रो मान्यता रहने छ ।

२. सार्वजनिक संस्थानहरुको निजीकरण गर्दा सर्वप्रथम सरकारी क्षेत्र अन्तरगत नै हुनुपर्ने कृयाकलापबारे निर्णय गरी सम्बन्धित संस्थानहरुको दक्षतामा अभिवृद्धि गर्न आन्तरिक उपायहरु चालिने छ । बाँकी संस्थानहरु मध्ये कुन कुनमा विदेशी पूँजी आमन्त्रण गर्न उपयुक्त हुन्छ त्यसको निर्क्योल गरी संभव भएसम्म संयुक्त लगानीको आधारमा संस्थाको स्वामित्व हस्तान्तरण गरिने पद्धति अँगालिने छ । जुन सुकै अवस्थामा पनि स्वदेशी उद्यमीहरुको उद्यमशीलता, जाँगर र उनीहरुले पाउने प्रोत्साहनमा आघात पुग्ने गरी निजीकरणको प्रकृयालाई अगाडि बढाइने छैन । स्वदेशी लगानीकर्ताहरुलाई आकर्षण गर्दा पनि यस काममा सकभर व्यापक सहभागिता जुटाउने प्रयत्न हुनेछ । साथै सम्बन्धित संस्थानहरुमा कार्यरत कर्मचारी र श्रमिकहरुले निजीकृत संस्थानको स्वामित्वमा सहभागी हुन विशेष प्रोत्साहन दिइनेछ । लगानीको दृष्टिले ज्यादै ठूला संस्थानहरुलाई निजीकरण गर्नु परेमा संसदको स्वीकृतिबाट मात्र सो गर्न पाइने व्यवस्था मिलाइने छ । जुनसुकै किसिमबाट निजीकरण गर्दा पनि सो गरिने संस्थानहरुको सम्पत्ति र दायित्वको हरहिसाव र स्वामित्व हस्तान्तरण वा वितरण गर्दा अँगालिएको कार्य-पद्धति समग्ररुपमा जन-समक्ष ल्याइने छ ।

३. निजीकरणको यथार्थ महत्व निजी क्षेत्रको मान, प्रतिष्ठा, लगानी र उत्पादनशीलतामा अभिवृद्धि गर्नु हो । यसको निम्ति सरकारी र निजी क्षेत्र दुवैको आचरण स्वच्छ र दुवै बीचको सम्बन्ध सफा रहुन पर्छ । जसरी सरकारी क्षेत्रबाट विकासको अभिभारा वहन गर्दैमा आम जनताको भलाई स्वत: हुन्छ भन्ने मान्यता अब विस्थापित हुन पुगेको छ- त्यसरी नै निजी क्षेत्रको विस्तार भनेको आम जनता र खासगरी विपन्न जनसमुदायको आकांक्षा प्रति असम्वेदनशीलताको अभिव्यक्ति हुन्छ भन्ने कुरालाई गलत सावित गर्नु पर्ने आवश्यकता छ । यस्तो जिम्मेवारी निजी क्षेत्र कै हातमा छ ।

४. जबसम्म अर्थतन्त्रको पूनर्रचना गर्ने प्रयासको ध्यानमा ग्रामीण अर्थतन्त्रको पूनर्रचनाले आवश्यक प्राथमिकता पाउँदैन तब सम्म आर्थिक सुधारको काम अपूर्ण र नेपालको व्यापक परिप्रेक्षमा असान्दर्भिक हुन्छ । आधुनिकीकरण, द्रुततर विकास वा विश्वकीकरणको प्रयासले नेपालको एक पक्षलाई पाश्चात्य जीवनशैलीको छेउमा पुऱ्याउने र अर्को ठूलो पक्ष भने राष्ट्रिय अर्थतन्त्र कै सार्थक अंग हुनबाट बञ्चित रहने स्थितिले राष्ट्रमा विकास होइन विभाजन ल्याउँछ । नेपाली अर्थतन्त्र र बृहत सामाजिक न्यायपूर्ण एकीकरणको निम्ति र देशको समग्र उत्पादनशील क्षमताको अनुकूल सदुपयोगको निम्ति विकासको मूल मार्ग केही कालसम्म ग्रामीणमुखी हुनु अनिवार्य छ । शहर र गाउँ बीचको बढ्दो भौतिक सामाजिक खाडललाई अरु बढ्न दिएमा ग्रामीण जनतामाथि अन्याय मात्र बढ्ने होइन, सुविधायुक्त ठहरिएका नगरवासीहरुको पनि कल्याण निश्चित हुँदैन । यसको उपचार लगानीको विकेन्द्रीकरण नै हो । संविधान सम्मत तरिकाबाट लगानी, रोजगारका अवसर, शिक्षा, स्वास्थ्यको सुविधा र आधारभूत आवश्यकताका अरु पक्षहरुलाई देशमा पछि परेका जिल्ला र ग्रामीण क्षेत्रहरुमा प्रवाहित गरिने छ ।

५. सार्वजनिक क्षेत्रको लगानीको बाँडफाँडमा क्षेत्रीय सन्तुलन, मानव मात्रको निम्ति अतिआवश्यक आधारभूत सेवा, मानवीय संसाधनको विकास र आर्थिक पूर्वाधारको विस्तार र संभारलाई प्राथमिकता दिइनेछ । ग्रामिण अर्थतन्त्रको संरचनामा अनुकूल परिवर्तन र विपन्न समुदायले पाउनु पर्ने राहत र मुक्तिको निम्ति आवश्यक आर्थिक, सामाजिक गतिविधिको विस्तार गर्न सरकारी क्षेत्र, निजी क्षेत्र वा गैर-सरकारी संस्था सबैको क्षमताको पूर्ण परिचालन र सदुपयोग हुनेछ । मुख्यत: विपन्न लगायत आम जनतामा आत्मसम्मान, आत्मविश्वास र स्वावलम्बनको भावनाको अभिवृद्धिबाट सबै क्षेत्रमा निहित सिर्जनशीलता र उत्पादनशीलता प्रस्फुटन हुने वातावरणको विकासलाई जोड दिइने छ ।

६. निजी तथा सार्वजनिक क्षेत्रका बाञ्छित भूमिकालाई सकार्दै सामूहिक अर्थतन्त्रलाई राष्ट्रिय आर्थिक व्यवस्था र प्रकृयाको एउटा महत्वपूर्ण कडीको रुपमा प्रतिस्थापना गरिने छ । गाउँ, इलाका, बस्ती र सामुदायिक क्षेत्र भित्रका श्रोत तथा सम्पदाको संरक्षण गर्ने, संवर्धन गर्ने र उत्पादनशील बनाउने अधिकार यिनै समुदायलाई सुम्पिइने छ । यसरी आर्थिक विकेन्द्रीकरण गर्दै व्यक्तिगत तथा सामूहिक स्वावलम्बनलाई अघि बढाउने र स्थानीय तहका श्रोत, सम्पदा, सीप र अक्कलको प्रयोग गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरिने छ ।

७. सामाजिक प्रजातन्त्रमा आधुनिक समाजको निम्ति अनिवार्य जनकल्याणकारी राज्य व्यवस्थाको अतिरिक्त विपन्न र पछाडि परेको वर्गको मुक्तिको निम्ति चाहिने प्रत्यक्ष हस्तक्षेपको आवश्यक पर्छ । यसको निम्ति आवश्यक संस्थागत उपायहरु अवलम्बन हुनु पर्छ । साथै चाहिने आर्थिक साधनको निम्ति निरन्तर रुपले विदेशी सहायतामा भर पर्नु खतरापूर्ण हुन्छ । उत्पादकहरुको प्रोत्साहन र उद्यमशीलतामा कुनै खलल नपारी उनीहरुबाट परिचालित साधनहरुले वास्तवमा उनीहरुकै दीर्घकालीन स्वार्थको संरक्षण गर्छ भन्ने मानसिकताको विकास गराई सबै पक्ष र तहका नागरिकहरुले आफ्नो औकात अनुरुप बचत गर्ने र कर तिर्नुपर्ने वातावरण तयार पारिने छ । यसको निम्ति नागरिक स्वतन्त्रतामा खलल नपर्ने गरी उपभोक्तावादको बढ्दो विगविगीको नियन्त्रण गरिने छ ।

८. प्रजातान्त्रिक लोकदलले पर्यावरण-संरक्षण र सन्तुलनलाई दिएको महत्व पार्टीको सैद्धान्तिक अवधारणामा नै यस पक्षले पाएको महत्वबाट प्रष्ट हुन्छ । पर्यावरण असन्तुलन र प्रदूषण बढाएर लोक-कल्याण, विश्व शान्ति वा आगामी पिँढीहरुको स्वार्थ सुरक्षित हुन सक्दैन भन्ने कुरामा हामी दृढ छौं । तसर्थ हर क्षेत्रमा थालिने आर्थिक गतिविधि पर्यावरणको दृष्टिले समेत अनुकूल होस् भन्ने हेतुले हामी दिगो विकास प्रणालीलाई प्रश्रय दिन्छौं । यस सन्दर्भमा भूमिको, माटोको, पानीको, वनको, जैविक श्रोतको उपयोग गर्दा जीवन र जगतको सम्बन्धले सकारात्मक गतिशील आयाम लिन सकोस् र हाम्रो साधन एवं सम्पदा भौतिक मात्र होइन आध्यात्मिक र साँस्कृतिक आकांक्षाहरुको परिपूर्तिको निम्ति समेत सहायक हुन सकोस् भन्ने कुराले महत्व पाउने छ । प्राकृतिक संरक्षण र गरीबी बीचको जुन सम्बन्ध छ- त्यसलाई हाम्रो समाजको आफ्नो कमजोरीहरुको कारणले जेलिन नदिन अँगाल्नु पर्ने आवश्यक कदमहरुमध्ये जनसंख्या नियन्त्रणको सर्वोपरि महत्व हामीले बुझेका छौं । तर विश्व सम्पदाको असमानुपातिक उपभोग गर्ने राष्ट्रहरुले पनि आफ्नो दायित्व बुझ्नुपर्ने कुरा प्रति पनि हामी सचेत छौं ।

९. विदेशी सहायता, पूँजी र प्रविधिको उपयोग गर्दा विश्वका कृया प्रकृयाका सकारात्मक पक्षहरुको लाभ नेपाल र नेपालीले पूर्णतया उपभोग गर्न पाउने परिस्थितिको सृजना हुनु पर्छ । तर यस्ता श्रोतहरुको आयात र उपयोगले माथि उल्लिखित विकास मार्गदर्शन र प्राथमिकताक्रमलाई प्रतिकूल असर पार्न दिन हुँदैन । अर्थात् विदेशी पूँजी होस् वा प्रविधि वा विदेशी सहायता त्यसको परिचालन र कार्यक्रम बनाउँदा ग्रामीण यथार्थ, विपन्न समाजको आवश्यकता, रोजगारी बृद्धिले पाउनुपर्ने महत्व, क्षेत्रीय सन्तुलन आदि समग्र पक्ष र उद्देश्यहरुको परिपूर्तिमा सघाउ पुग्ने गरेर मात्र व्यवस्था गरिने छ । साथै कुनै पनि विदेशी सहायताबाट संचालित कार्यक्रमको कार्यान्वयनले नेपालमा सकारात्मक संस्थागत प्रभाव पार्न सकोस् भन्ने हेतुले नेपाली विशेषज्ञहरुको उपयोगले नै प्राथमिकता पाउनु पर्ने व्यवस्था मिलाइने छ । अनावश्यक विदेशी सल्लाहकार वा विशेषज्ञहरुको बिगबिगीलाई सम्बन्धित योजनाहरुको प्रभावकारिता र नेपाली आतिथ्यको परम्परामा खलल नपार्ने गरी नियन्त्रण गरिने छ ।

### विपन्नताबाट मुक्ति :

माथि उल्लिखित मार्ग दर्शनहरुको अनुसरणबाट नेपाली अर्थतन्त्रमा आवश्यक स्थिरता र विकासको वातावरण कायम गर्नु मात्र होइन वास्तवमा गरीवी उन्मूलन प्रति प्रतिवद्धता जाहेर हुनु पर्छ । हाम्रो यो पनि धारणा छ कि गरीवी उन्मूलनको प्रमुख उपाय रोजगारी वृद्धि हो । तसर्थ निजी क्षेत्रमा होस् या सार्वजनिक क्षेत्रमा जुनसुकै आर्थिक कृयाकलापको उपादेयताको मूल्यांकन गर्दा पनि त्यसले रोजगारीमा पार्ने प्रभावलाई प्रमुख ध्यान र महत्व दिइनु पर्छ । गाउँ गाउँमा समेत रोजगारीका अवसरहरु विस्तार गर्नु पर्ने जुन आवश्यकता छ त्यसको परिपूर्ति ठूला-ठूला आर्थिक गतिविधिको विस्तारबाट मात्र संभव छैन । विपन्नताबाट मुक्तिको निम्ति हुने गरेका सरकारी प्रयासहरुबारे जनचेतना अभिवृद्धि गरी सो कुरामा आवश्यक सुधार ल्याउन चाहिँने जनमत ग्रामीण स्तरमै तयार गरिनु पर्छ भन्ने हाम्रो धारणा छ । साथै गाउँघरमा नै एक अभियानको रुपमा स्वाबलम्बनको भावनालाई विस्तार गरी उपलब्ध प्रविधि र सीमित पूँजीको आधारमा विपन्न र शोषितलाई निरास जीवनबाट मुक्त गर्दै स्वाभिमानी उत्पादक नागरिकको हैसियतमा परिवर्तन गर्न सकिने संवेदनशील संस्थागत उपायहरु अवलम्बन गरिनेछ ।

### कृषि विकास :

कृषिलाई पछौटे राखेर समाजोपयोगी औद्योगिकीकरण वा अर्थतन्त्रको आधुनिकीकरण हुन सक्दैन । कृषि विकासको निम्ति हरप्रकारको परियोजनाहरुको तर्जुमा, पूँजीको प्रवाह, प्रविधिको उपयोग र संस्थागत व्यवस्थाको प्रयोग गर्दा पनि कृषि क्षेत्रको विकासले आवश्यक गति लिन नसक्नु आजको यथार्थ हो । यसको मूल कारण यस क्षेत्रको "मूली" अर्थात् किसानले अनुभूत गरेको समस्या, उसका आकांक्षा र आफैले सोचविचार गरी लागू गर्न सक्ने सुधारका उपायहरुबारे उचित ध्यान नपुग्नु हो । यस पार्टीले यस कुरालाई पूर्ण ध्यान दिँदै कृषि विकासको निम्ति खासगरी देहायका नीति र मार्गदर्शन अवलम्बन गर्ने छ: (क) भूमिको सम्बन्धमा अहिलेको अन्योल र अनुत्पादक अवस्थाको अन्त हुनु पर्छ । जोताहा किसानले जोत्ने भूमि माथिको स्वामित्व उक्त किसानमा नै निहित भएको अवस्थामा मात्र कृषिले प्रगति गर्छ र कृषि क्षेत्रको प्रगतिको आडमा अरु क्षेत्रले विकास गर्न सक्छ । यसो भएमा आफू खेती नगर्ने ठूला जग्गा धनीहरुले समेत आफ्नो अधीनको जग्गा खेती गर्नेलाई बेच विखन गरी आफू अरु पेशामा लाग्न स्वतन्त्र हुने छन् र विना कुनै सरकारी हस्तक्षेप जग्गाको आवश्यक पुनर्वितरण प्रजातान्त्रिक तरिकाबाटै हुन सक्नेछ । (ख) कृषिको पछौटेपनको उपचार त्यसको



आधुनिकीकरण नै हो । त्यसबाट मात्रै किसानको जीवनस्तर र राष्ट्रिय उत्पादनको बृद्धिमा सुधार ल्याउन सकिनेछ । त्यसको निम्ति राज्यले, स्थानीय तहले वा दुवैको सहयोगमा सिंचाई व्यवस्थाको विस्तार, दिगो विकास-प्रविधिको उपयोग र आवश्यक पूँजीको प्रवाह गरिनु पर्दछ । (ग) कृषि ऋणको विस्तार गर्दा वास्तवमा उद्यमी कृषकहरुले प्रोत्साहन पाउनु पर्छ र कृषि विकास बैंक तथा ऋण तथा ऋण दिने अन्य संस्थाहरुको असक्षमता र कमजोरीहरुको भार चर्को व्याजको रुपमा कृषक वर्गमा पर्न दिनु हुँदैन । साथै किसानहरुलाई थप ऋणको भार बोकाउने होइन बरु स-साना कृषकले बेहोरिरहनु परेको स्थानीय चर्को व्याजको बोझबाट मुक्त गराउन चाहिने आम्दानी दिने कुराहरुको विस्तारमा प्रत्यक्ष र छिटो योगदान पुग्ने हुनु पर्छ । (घ) कृषिमा उपलब्ध प्रविधि नै बहुसंख्यक कृषकको खेतवारीमा पुग्न नसकेको सन्दर्भमा गैर-नोकरशाहीमुखी संस्थागत माध्यमद्वारा कृषिमा नयाँ रक्त-संचार गरी परम्परागत प्रकारको ज्यानसम्म धान्ने कृषि व्यवसायमा लाग्ने कृषकहरुलाई पनि आर्थिक दृष्टिले माथि उठ्न सक्ने व्यवस्था हुनुपर्छ । (ङ) रासायनिक मलको उपयोग सम्बन्धी कार्यक्रममा यसले माटोको उर्वरा शक्तिमा पार्ने नकारात्मक प्रभाव, वातावरणमा पार्ने असर र किसानको दीर्घकालिन नाफा-नोक्सानको समेत मूल्यांकन गरी स्थानीय र जैविक मलखादको उपयोगले पाउनु पर्ने प्रोत्साहनलाई पनि ध्यान दिइनु पर्छ । (च) त्यस्तै उन्नत वीउ-विजनको उपयोगले कृषि सम्बन्धी जैविक विविधताको संरक्षणमा बाधा पर्न दिनु हुँदैन । (छ) नेपालको विभिन्न भागको वातावरण अनुकूल कृषि, पशुपालन र फलफूल खेती सम्बन्धी विविधीकरण र विशेषीकरण गरिनु पर्छ (ज) ग्रामीण बाटोघाटोको व्यवस्था गर्दा मुख्यत: कृषि बजारको निम्ति आश्यक सुविधालाई ध्यानमा राखिनु पर्छ ।

मूलत: कृषि उत्पादकत्वको वृद्धिमा कायम रहिरहेको समस्याहरुलाई पहिल्याइ प्रभावकारी उपचार स्थापित गर्ने कुरामा हालसम्म विशेषज्ञहरुले पाइआएको मान मान्यता वास्तवमा खेती गर्ने किसानले पनि पाएमा सम्बन्धित प्रयास बढी फलदायी हुन्छ भन्ने हाम्रो दृढ धारणा छ ।

### उद्योग र श्रम :

खुला व्यापार र उदारवादको अरु यस्तै पक्षहरुले स्वदेशी उद्योगको प्रवर्धनमा आघात नपुऱ्याउन् भन्ने हाम्रो मूल चासो रहनेछ । त्यस्तै विश्वकीकृत अर्थ-व्यवस्थाको फलस्वरुप नेपालमा भरखर देखा पर्न लागेको औद्योगिक पूँजीपतिहरु निरुत्साहित हुन नपरोस् भन्ने कुरामा पनि हामी सचेत रहनेछौं । विदेशी पूँजीलाई सेवामूलक उद्योगमा भन्दा माल सामान उत्पादन गर्ने उद्योगहरुमा आकर्षण गर्नु पर्छ र सो गर्दा यथासंभव संयुक्त लगानीको दृष्टिकोण अँगालिने छ । पंचायत कालको दु:खद अनुभवले गर्दा समेत औद्योगिक संरक्षणको अवधारणाले हाम्रो मुलुकमा नकारात्मक सोचाइको फल भोग्नु परेको हो । तर मुलुकको साधन र सम्पदाको आधारमा के कस्ता उद्योगहरुको दिगो विकास गर्न सकिन्छ, तिनका बीच के कस्ता सम्बन्धहरु स्थापित गर्न सकिन्छ र त्यसको निम्ति कस्तो उद्योगलाई कतिञ्जेल कति संरक्षण दिनु पर्छ भन्ने कुराबाट राज्य पन्छिन मिल्दैन । अरु देशको अनुभवले पनि यस कुरालाई पुष्टि गर्छ । त्यस्तै प्राथमिकता दिनु पर्ने उद्योगहरु बारे विचार गर्दा स्थानीय वस्तुहरुको उपयोग गर्ने नगर्ने दुवै प्रकारका उद्योगहरुलाई एकछत्र व्यवहार गर्नुपर्ने उदारवादी आर्थिक सोचाइको हामी कदर गर्न सक्दैनौं । निर्यात प्रवर्द्धनको आवश्यकता र सो माध्यमबाट आर्थिक विकासको प्रकृयालाई गति दिनुपर्ने कुरालाई मान्यता दिँदा दिँदै पनि प्राथमिकता पाउनुपर्ने उद्योगहरुबारे राज्य निष्पक्ष वा अन्धो हुनुपर्छ भन्ने कुरा हुन सक्दैन ।

यदि नेपालमा उद्योगहरुको प्रवर्द्धन आवश्यकता अनुसार विकेन्द्रीत रुपले गरिने हो भने साना र घरेलु उद्योगहरुले स्वत: प्राथमिकता पाउनु पर्ने हुन्छ । त्यसको निम्ति उचित व्यवस्था गरिने छ । औद्योगिकीकरणको प्रकृयालाई अघि बढाउँदै श्रमिक वर्गको स्वार्थ सुरक्षित राख्दै बेरोजगारीबाट उत्पन्न विकृतिहरुलाई हटाउने विकासको प्रकृयाको थालनीबाट विगतका आर्थिक-सामाजिक कमजोरीहरुलाई पन्छाउन सकिनेछ । त्यस्तै, राष्ट्रिय श्रम बजारलाई संगठित गरी निर्माण विकासका काममा स्वदेशी श्रम सीपको प्रयोग बढाइनु पर्छ । यसको निम्ति सीप विकास कार्यक्रमले विशेष प्रोत्साहन पाउने छ ।

**पर्यटन र नेपाली सांस्कृतिक सम्पदा :**

नेपालको आर्थिक विकासमा पर्यटन क्षेत्रको महत्वपूर्ण भूमिका रहिरहनेछ । यसको निम्ति निजी क्षेत्रको प्रयासलाई अरु भरथेग दिन सरकारको तर्फबाट गरिनु पर्ने लगानी र नीतिगत वातावरणको सुरक्षाले विशेष महत्व राख्छ । तर पर्यटनको विस्तार गर्दा नेपालको साँस्कृतिक र प्राकृतिक सम्पदामा प्रतिकूल असर पर्न नदिन आवश्यक व्यवस्था मिलाइने छ । पर्यटनले वातावरणलाई खलल पार्न सक्छ भने पर्यटन विकासकै निम्ति प्राकृतिक वातावरण मात्र होइन-राजनीतिक, सामाजिक र साँस्कृतिक वातावरण समेत सही र स्वच्छ राख्नु पर्ने यस सकारात्मक सम्बन्धलाई बुद्धिमानीपूर्वक अघि सार्नु पर्छ भन्ने हाम्रो धारणा छ । त्यस्तै पर्यटन क्षेत्रलाई विदेशी मुद्रा आर्जनको प्रत्यक्ष श्रोतको रुपमा मात्र नहेरी नेपाली अर्थतन्त्रमा विभिन्न क्षेत्रसंग आवद्ध गरी विकास गरिने छ । यस क्रममा ट्रेकिंगको निम्ति आउने पर्यटकहरुलाई थप प्रोत्साहन दिँदै काठमाडौं बाहिर विभिन्न स्थानहरुमा पर्यटन केन्द्रहरुको विस्तार गर्दै यस व्यवसायको लाभ राष्ट्रभर व्यापकरुपले वितरण गर्नेतर्फ ध्यान दिइनेछ ।

नेपालको साँस्कृतिक सम्पदा, खासगरी हस्तकला र मूर्तिकला हेर्न पर्यटकहरु नेपाल आउने र नेपाली सम्पदा भने चोरिएर, मासिएर निरन्तर हराइरहने दु:खद विडम्बनाको अन्त र उपचार हुन जरुरी छ । स्वदेशी, विदेशीबाट हुने अपराधहरुको रोकथामको निमित आवश्यक कानूनी र प्रशासकीय व्यवस्था मिलाउनु पर्ने कुरा त छँदैछ । विगतमा नेपालबाट चोरी भएर विदेशका प्रदर्शन कक्षहरु र अरु स्थानहरुमा पुऱ्याइएका नेपाली साँस्कृतिक सम्पदाहरुलाई विकसित हुँदै गएको अन्तराष्ट्रिय प्रचलन अनुसार नेपाल फिर्ता ल्याउने प्रयास गरिने छ ।

**जलस्रोतको उपयोग :**

मुलुकको सबैभन्दा महत्वपूर्ण प्राकृतिक संपदाको रुपमा गनिएको जलस्रोतको समुचित उपयोग प्रतिको दृष्टिकोणले समाज विकास कै वारे हाम्रो धारणाको पुष्टि गर्नेछ । जलस्रोत सम्बन्धी राष्ट्रिय वहसमा यसलाई मूलत: उर्जाको श्रोतको रुमा नै व्याख्या गरिनुले हालको प्राथमिकता क्रमका त्रुटिहरुलाई औंल्याउँछ । हामी यसलाई सच्याउँदै जलस्रोत नीति र कार्यक्रमलाई मुलुकको विकासवारे हाम्रो अवधारणा र पार्टीको आर्थिक सामाजिक दर्शन अनुरुप निर्देशित गर्न चाहन्छौं ।

दुई पक्षीय वा वहुपक्षीय वार्ता र सहयोगको अवधारणालाई अघि बढाएर नेपालबाट वग्ने नदीनालाको उपयोगबाट नेपाल लगायत सम्बन्धित सबै मित्र राष्ट्रहरुले न्यायोचित लाभ हासिल गर्न सक्छन् र यस क्षेत्र कै जनता र अर्थतन्त्रको विकासमा अधिकतम सघाउ पुऱ्याउन सकिन्छ भने त्यसतर्फ प्रजातान्त्रिक लोकदल प्रतिवद्ध र प्रयत्नशील रहने छ । खासगरी नेपालबाट वग्ने नदीनालाहरु समेतको कारणबाट चाहे नेपालका हुन् वा भारत या वंगलादेशका मानव मात्रले भोग्नु परेको बाढीको प्रकोप र सम्बन्धित समस्याहरुको समाधानको निम्ति संयुक्त उपायहरुको खोजी जारी रहनु पर्छ भन्ने हाम्रो धारणा छ । तर



ठूला-ठूला योजनाहरु सम्बन्धी वार्ता मै अलमलिने र प्राविधिक देखि राजनीतिक पक्षहरु समेतको कारणले आवश्यक समझदारी विकसित हुन समय लाग्ने अनुभव एकातिर छ भने जलस्रोतको धनी नेपालमा आफ्ना नागरिकको निमित आवश्यक खानेपानी, सिंचाइ र विद्युत-शक्तिको अभावबाट ग्रसित हुनु परिरहेको विडम्बना अर्कोतिर छ । यस कुरालाई हृदयगंम गरी यस पार्टीले जलस्रोतको क्षेत्रमा देहायका मार्गदर्शनहरु अँगाल्ने छ: (क) मानिसको तिर्खा मेट्नु नै जलको पहिलो गुण भएको हुँदा नेपाली जलस्रोतको सदुपयोगद्वारा मुलुकभर स्वच्छ खानेपानीको व्यवस्था गरी कोही पनि नेपाली यस सुविधाबाट बञ्चित हुन नपर्ने व्यवस्था गर्ने, (ख) नेपालको जलस्रोतले सर्वप्रथम नेपाल कै आवश्यकता पूर्ति गर्नु पर्ने मान्यता अनुसार सिंचाईको सुविधा पुऱ्याउन सकिने समस्त कृषियोग्य जमिनमा सो विस्तार गर्ने, (ग) ठूला-ठूला जलविद्युत आयोजनाहरुलाई भन्दा आर्थिक र प्राविधिक दृष्टिले संभव भएसम्म साना र मझ्यौला खालका योजनाहरुलाई प्राथमिकता दिई विद्युत सुविधा सर्वत्र पुऱ्याउने: (घ) हाम्रो जलस्रोतबाट नेपालभित्रको माग पूर्ति गरी मित्रराष्ट्र भारतको विद्युत आपूर्तिलाई सघाउन सकिने र त्यसबाट नेपाल भारत वीचको बढ्दो व्यापार असन्तुलनलाई कम गर्न सम्भावनालाई उपयोग गर्दै निर्दिष्ट प्राथमिकता क्रम अनुसार ठूला जलविद्युत योजनाहरु संचालन गर्ने, (ङ) विद्युत-शक्तिको निर्यात भारत वाहेक यस क्षेत्रका अरु देशहरुमा पनि गर्न मिल्ने सम्भावना अनुकूल क्षेत्रीय सहयोग र समझदारी अभिवृद्धि गर्न प्रयासरत रहने, (च) दुई पक्षीय वा क्षेत्रीय सहयोगको आधारमा जलस्रोत योजनाको तर्जुमा र कार्यान्वयन गर्दा नेपालको निम्ति अति आवश्यक जल-यातायातको सुविधाको विकासमा जोड दिने, (छ) प्रत्येक योजना कार्यान्वयन सम्बन्धी निर्णय गर्दा त्यसले वातावरण, स्थानीय श्रोत तथा सम्पदा र जनजीवनमा पार्ने असरको मूल्यांकन गर्नुको साथै भू-क्षय नियन्त्रण र बाढी नियन्त्रण सम्बन्धी कार्यहरुमा अपेक्षित ध्यान र प्राथमिकता दिने ।

**शिक्षा र स्वास्थ्य :**

राष्ट्रको निधिको अन्तत: आधार भनेको मानवीय संसाधन नै हो । मानवीय संसाधनको विकासले बहुआयामिक अर्थ राख्दछ । त्यसैले यसको निम्ति गरिने लगानीको आर्थिक औचित्य मात्र नभएर हाम्रो जस्तो नवस्थापित प्रजातन्त्रमा विकास सुदृढीकरण र स्थायित्व कै निम्ति पनि त्यसले अहम् अर्थ राख्दछ । आर्थिक उदारवादवारे मात्र धेरै वहस र सरकारी प्रतिवद्धता देखिने हाम्रो मुलुकमा बुझ्नु पर्ने कुरा के छ भने हालको अन्तराष्ट्रिय सोचाई र प्रचलन अनुसार पनि मानवीय संसाधनको विकासमा दिइने प्राथमिकताले नै मानवीय विकासको गति र प्रवृत्ति समेत निर्धारण गर्छ । जनताको सीप र ज्ञानलाई विकास गरेर त्यसबाट राष्ट्रिय विकास र पुनर्निमाणमा टेवा पुऱ्याउने हो भने स्वाभाविक रुपमा शिक्षाको महत्व प्रकट हुन्छ । हाम्रो जस्तो अल्पविकसित मुलुकमा यो सम्बन्ध प्रत्यक्ष प्रकट हुन नसक्नुमा शिक्षाको न्यूनता कारण र परिणाम दुवै हो । हामीकहाँ व्याप्त अशिक्षालाई आधी भन्दा बढी पुरुष र तीन चौथाई भन्दा बढी महिला निरक्षर हुनुले नै स्पष्ट गर्दछ । यस्तो समाजमा शिक्षा र विकास वीचको दोहोरो सम्बन्ध बुझ्नलाई समाजको आर्थिक-सामाजिक चरित्रसंग शैक्षिक संरचनाको सम्बन्ध हेर्नुपर्ने हुन्छ । हाम्रो जस्तो विषम आर्थिक-सामाजिक संरचना भएको समाजमा विद्यमान संरचनालाई यथास्थितिमा राखेर गरिने शिक्षाको विकासले वास्तवमा त्यही आर्थिक-सामाजिक संरचनालाई कायम राख्ने, सुदृढ गर्ने, र पुनरुत्पादन गर्ने मात्रै काम गर्दछ । त्यसैले हामी शैक्षिक विकासलाई समतावादी आर्थिक-सामाजिक ढाँचाको स्थापनासंग सम्बद्ध गर्न जरुरी ठान्दछौं । शिक्षालाई विकाससंग बढी सान्दर्भिक बनाउन

अवलम्बन गरिने कुनै पनि कार्यक्रम वा समग्र नीतिमा शिक्षा-प्रणाली भित्र र बाहिर दुवै तहमा एकैसाथ सुधार ल्याइनु पर्दछ भन्ने हाम्रो मान्यता छ ।

हामी शिक्षाको गुण र स्वरुपमा प्रजातन्त्र, युग र मुलुकको विकास आवश्यकता अनुकूल परिवर्तनको पक्षमा छौं । त्यसको निम्ति भौतिक पूर्वाधार र सुविधाको विस्तार, अध्यापन पेशामा सञ्जीवनता ल्याउन अपेक्षित तलव, सेवा सुविधा, अनुसन्धान, तालिम र आत्मोन्नतिको व्यवस्था तथा योग्य र प्रतिभाशाली शिक्षक, प्राध्यापकहरुको अन्यत्र पलायनको रोकथाम आदि हुनु जरुरी छ । वर्तमान केन्द्रीत शैक्षिक-प्रणालीका विसंगतिहरुको उपचार गर्न विषयगत तथा क्षेत्रीय आधारमा विकेन्द्रीकरण गरिनु जरुरी भैसकेको छ । यसका अतिरिक्त हाल नेतृत्व तहमा देखिएको ढिलासुस्ती, अनिर्णय र समस्या पन्छाउने जस्ता रोगको निदान गरी निर्णय प्रकृयालाई जीवन्त बनाउन नेतृत्व तहमा नै गुणात्मक आधारमा पुनर्गठन गरिनु पर्दछ । शैक्षिक प्रशासन, व्यवस्थापन र संगठन, पाठ्यक्रम र पाठ्य सामाग्रीको स्वरुप र स्थिति तथा अध्ययन र अध्यापनको परिपाटिमा सुधार गरी आधुनिकीकरण गर्नमा जोड दिइनु पर्दछ । शिक्षा सेवामा संलग्न शिक्षक प्राध्यापक तथा शैक्षिक कर्मचारीहरुका सेवा र सुविधाका शर्तलाई सुपरिभाषित, पारदर्शक र निष्पक्ष बनाइनुपर्दछ । विद्यमान व्यापक अशिक्षा र निरक्षरतालाई चौतर्फी रुपबाट आक्रमण गरी परास्त गर्न औपचारिक, अनौपचारिक तथा अरीतिक तिनै प्रणालीको माध्यम अख्तियार गर्नु पर्दछ । वर्तमान शिक्षा व्यवस्थाले एकातिर कार्यालयमुखी रोजगारीको मान्यतालाई बढावा दिइरहेको र अर्कोतिर शैक्षिक बेरोजगारीको पंक्ति विस्तार भइरहेको सन्दर्भमा वैज्ञानिक, प्राविधिक र व्यावसायिक शिक्षाको विकास र विस्तारमा प्राथमिकता दिइनु आवश्यक भइसकेको छ । यसबाट शिक्षाको विकास र श्रमको मर्यादा बीचको अन्योन्याश्रित सम्बन्धको प्रसार हुन पनि मद्धत मिल्नेछ । हाम्रो मान्यता छ -शिक्षा सम्पन्नको मात्रै पेवा नभएर विपन्नको पनि अधिकार हो । यसको निम्ति सरकारी क्षेत्रले जिम्मेवारी लिनु पर्दछ । यी उपायको अवलम्बनबाट बेरोजगारी, गरीबी, असमानता, ग्रामीण गतिरोध, बौद्धिक पलायन तथा अन्तराष्ट्रिय बौद्धिक प्रभुत्वको विस्तार हुनबाट बच्न सकिने छ । हामी सर्वसुलभ आधारभूत शिक्षाको पक्षमा छौं र यसै अनुसार शैक्षिक लगानीमा प्राथमिकता दिन चाहान्छौं । उच्च शिक्षा मुलुकको श्रोत आवश्यकता अनुरुप संचालित हुनु पर्दछ र त्यसै अनुसार यसको संगठन गुणात्मक प्रतिस्पर्धाको आधारमा गरिनु पर्दछ ।

हामी उच्च शिक्षाले मुलुकको तात्विक आवश्यकताको विषयमा आफ्नो भूमिका माथि जोड देओस् भन्ने चाहन्छौं । त्यसले जनता र उनीहरुका मानवीय लक्ष्यप्रति संवेदनशीलता र प्रतिवद्धता देखाउनु पर्दछ । यसले मानवीय समता, मानवीय अस्मिता र मानवीय विकासको ध्येयलाई अघि बढाउन अपेक्षित विचार, जनशक्ति र सेवा प्रदान गर्नु पर्दछ ।

हामी अरु क्षेत्रमा जस्तै शिक्षाको विकास र विस्तारमा पनि निजी क्षेत्रको सहभागितालाई सहर्ष सकार्दछौं तर हामी यसलाई व्यापारिक उद्देश्यले भन्दा गुणात्मक शिक्षाको निम्ति सेवा भावले अभिप्रेरित हुन जोड दिन्छौं ।

नेपालको वर्तमान जनस्वास्थ्यको स्थिति ज्यादै दयनीय तथा मानवीय दृष्टिकोणले समेत अस्वीकार्य छ । देशको सामाजिक तथा आर्थिक विकासको स्थिति र जनस्वास्थ्यको स्तर बीच अन्योन्याश्रीत सम्बन्ध रहेकोले विद्यमान स्वास्थ्य समस्याहरुको समाधान प्रकृयाहरुलाई हाम्रो राष्ट्रिय विकास प्रयत्नहरुको एउटा महत्वपूर्ण पक्षको रुपमा आत्मसात गरिनु एकदमै जरुरी छ । हाल शहर तथा सम्पन्नतामुखी यस सेवालाई व्यापक ग्रामीण क्षेत्र र विपन्न समुदायको पहुँच भित्र पुऱ्याउन सरकारी प्राथमिकता केन्द्रीत गर्नु पर्ने कुरामा हामी दृढ छौं ।



यस परिप्रेक्ष्यमा जनस्वास्थ्यको क्षेत्रमा यस पार्टीको दृष्टिकोण र नीति निम्न बमोजिम हुनेछ: (क) सामाजिक र आर्थिक दृष्टिकोणले उत्पादनशील जीवन बिताई राख्नको निमित्त स्वस्थ रहन पाउनु समाजमा रहेका महिला र बालवालिका लगायत सम्पूर्ण सदस्यहरुको अधिकारको रुपमा स्वीकार्ने, (ख) यी अधिकारको उपभोगको प्रत्याभूतिको लागि राष्ट्रिय स्वास्थ्य सेवा प्रणालीलाई मूलत: विश्व स्वास्थ्य संघद्वारा अनुमोदित प्राथमिक स्वास्थ्य सेवाको अवधारणा अनुरुप कार्यान्वयन गर्ने, (ग) देशमा उपलब्ध स्वास्थ्य सेवाहरुलाई आवश्यकता अनुरुप उपभोग गर्न असक्षम जनसमुदायलाई राज्यले उपयुक्त संरक्षण प्रदान गर्ने, (घ) स्वास्थ्य सेवालाई सर्वसुलभ, उपयुक्त र स्तरीय बनाउनको लागि राज्यद्वारा संचालित स्वास्थ्य सेवा संस्थाहरु बाहेक गैर सरकारी संघ संस्था तथा निजी उद्यमहरुलाई समेत राष्ट्रिय उद्देश्य अनुरुप संचालन गर्न आवश्यक र उचित प्रोत्साहन प्रदान गर्दै स्वास्थ्य क्षेत्रमा राष्ट्रिय आत्मनिर्भरता हासिल गर्ने तर्फ उन्मुख रहने ।

## १२. अन्तर्राष्ट्रिय सम्बन्धवारे धारणा

नेपालको विदेश नीति हाम्रो राष्ट्रियता, नेपाल राष्ट्रको विकास र त्यसको निम्ति अन्तरराष्ट्रिय राजनीति र नियमको उपयोग संगसंगै विश्व समुदायको हितसंग गाँसिएको हुनुपर्छ । हाम्रो विदेश नीतिका मूल पक्षहरु स्थापित प्रचलित मान्यता र हाम्रो परम्परा एवं संस्कृतिबाट निर्धारित हुनेछन् । समानता, पारस्परिक हित र सद्भाव तथा असल छिमेकीपनको आधारमा सम्बन्धहरुको विकास गर्दै विश्व शान्ति, मानव कल्याण र साझा पर्यावरणको संरक्षणको लागि योगदान गर्न हामी प्रतिबद्ध छौं । त्यस्तै हामी जुनसुकै कारणले पनि हुने युद्धको विरुद्ध छौं, हातहतियारको होडबाजी अन्त गर्ने पक्षमा छौं र आणविक हातहतियार नष्ट गरियोस् भन्ने आवाज बुलन्द गर्छौं ।

तर आजको युग राष्ट्रिय अन्तर्राष्ट्रिय सबै सम्बन्धहरु जेलिंदै गएको युग छ । शीत युद्धको अन्त पछि एकातिर विश्व सम्बन्ध सरलीकृत भएको आभास आउँछ भने अर्कोतिर असंलग्न आन्दोलनको सैद्धान्तिक सुरक्षामा हुर्केको नेपाल जस्तो राष्ट्रको निम्ति राष्ट्रिय आकांक्षा अनुरुपका नयाँ मान्यताहरु निश्चित गर्नु पर्ने आवश्यकता पनि हामीले बुझेका छौं । अहिले विश्वमा र अझै हाम्रै छरछिमेकमा कतिपय राज्यहरु अन्तरदेशीय तनावहरुबाट मात्र होइन-आन्तरिक विद्रोह र विध्वंसबाट समेत आहत छन् । यी आन्तरिक देखिने प्रवृत्तिहरु पनि वाह्य सम्बन्ध र कृया अन्तरकृयासंग गाँसिएका देखिन्छन् । अर्कोतिर, प्रजातन्त्र, मानवाधिकार र मानव सभ्यताका केही आम पक्षहरुबारे अन्तर्राष्ट्रिय व्यवहार र नियममा नै परिवर्तन आएको छ जसले गर्दा विदेश नीतिको संचालन अरु जटिल हुन गएको छ । यी विषयहरुमा हाम्रो आन्तरिक आचरणले वाह्य जगतको संभावित दुष्प्रभावलाई निस्तेज गर्नु पर्छ भन्ने हाम्रो धारणा छ । राष्ट्रहरुको समुदायमा हर राष्ट्रको स्वतन्त्रता र सार्वभौमिकतालाई अक्षुण्ण राख्न पाउने अधिकारको सम्मान सबैबाट खासगरी ठूला र शक्तिशाली राष्ट्रहरुबाट हुनुपर्ने आवश्यकताको आज झन् बढी महसुस हुन थालेको छ । विकासशील राष्ट्रहरुले विकास मार्गमा सतत् रुपमा अघि बढ्ने उनीहरुको राष्ट्रिय आकांक्षा अनुरुप अन्तर्राष्ट्रिय आर्थिक सम्बन्धलाई पुनर्निर्देशन गर्नु पर्ने आवश्यकता माथि हामी जोड दिन चाहान्छौं । यसको निम्ति यी मुलुकहरुको सामूहिक प्रयत्न र विकसित मुलुकहरुसंगको समझदारीलाई विस्तार गर्नु आवश्यक छ । कतिपय भू-परिवेष्ठित राष्ट्रहरुले पाउनु पर्ने नैसर्गिक अधिकारको पनि बहाल

नभइरहेको सन्दर्भमा त्यसै समुदायको एक सदस्यको हैसियतले आज परिवर्तित विश्व सन्दर्भमा यस्तो समस्या स्वत: हराउने स्थितिको हामी प्रतिक्षारत छौं । अहिले दुनियाँमा उपनिवेशवादको अन्त्य त भएको छ तर त्यसको विकल्प नव-उपनिवेशवाद र प्रभुत्ववाद होइन र हुनु हुँदैन भन्ने कुरा विश्व समुदायले प्रमाणित गर्न बाँकी नै छ ।

अन्तर्राष्ट्रिय परिस्थितिलाई वास्वतमा हाम्रो राष्ट्रिय हित अनुकूल बनाउन हामीले नै हाम्रो आकांक्षा र संभावनाहरुको यथार्थ विश्लेषणको आधारमा नीति तय गर्नु पर्छ । सर्वप्रथम, अन्तरराष्ट्रिय सम्बन्धलाई पनि आफु अनुकूल बनाउने उपाय आफ्नो राष्ट्रको विकास नै हो । यदि यो विकास प्रजातन्त्रको जगमा उभिएको छ, पारस्परिक हितले अभिप्रेरित छ, आर्थिक सामाजिक समतालाई प्रवर्द्धन गर्ने खालको छ र मानवाधिकारको प्रत्याभूतिबाट सिंचित छ भने नयाँ युगको पृष्ठपोषक र लाभान्वित समुदायको रुपमा हामी स्वत: अगाडि बढ्न सक्छौं ।

राष्ट्रहरु बीच अन्तनिर्भर सम्बन्धहरुको उर्लदो अभिव्यक्तिको यस युगमा दक्षिण एशियाली क्षेत्रीय सहयोगको अवधारणालाई विकासको निम्ति बढी उपयोगी र विपन्न समुदायहरुको निम्ति बढी सार्थक हुने गरी विकसित गर्दै यस क्षेत्रको साधन, सम्पदाको उपयोग दक्ष एवं न्यायपूर्ण आधारमा गर्न गराउन हामी अग्रसर रहनेछौं । साथै अन्तरनिर्भरताको धारणाको आधारमा सबै छिमेकी तथा मित्र राष्ट्रहरुसंग सुसम्बन्ध राख्दै संयुक्त राष्ट्र संघको बडापत्र अनुरुप शान्ति, न्याय संगत विकास र सह-अस्तित्वको प्रवर्द्धनमा योगदान गर्नका साथै संयुक्त राष्ट्र संघलाई बढी से बढी प्रजातन्त्रिकरण गर्दै, विश्व शान्ति र विश्व विकास सम्बन्धी निर्णय प्रकृयामा सबै विश्व नागरिकको सहभागिता अभिवृद्धि गर्दै लैजानु आवश्यक ठान्दछौं । हामी हाम्रा दुवै छिमेकी मित्रराष्ट्रसंग असल छिमेकीको रुपमा प्रस्तुत हुँदै उनीहरुसंग आर्थिक, व्यापारिक र साँस्कृतिक सम्बन्ध बढाएर पारस्परिक हितमा अभिवृद्धि गर्ने प्रयास हुनु जरुरी ठान्दछौं । छिमेकी मित्र राष्ट्र भारतसंगको हाम्रो सम्बन्ध जति गहिरो छ- उत्तिकै विवादग्रस्त पनि रहिआएको छ । प्रजातन्त्रको स्थापना पछि नेपाल भारत सम्बन्धलाई हेर्ने वस्तुवादी दृष्टिकोण विकास हुनु आवश्यक थियो । तर प्रजातान्त्रिक माहोलमा पारदर्शी हुनुपर्ने नेपाल भारत सम्बन्ध एकातिर सुमधुर किसिमले विकसित हुन पाएको छैन भने अर्कोतिर ऐतिहासिक रुपले संचित कतिपय समस्याहरु ज्यूँ का त्यूँ छन् । प्रजातन्त्र पुनर्स्थापना पछि पनि समानता र पारस्परिक लाभका आधारमा सम्बन्ध स्थापित हुन नसकेको कुरा टनकपुर प्रकरणमा प्रकट भएको अनुभव गरिँदै छ । नेपाल भारत सम्बन्ध सुमधुर तथा प्रगाढ पार्नका निम्ति हामी अथक कुटनीतिक प्रयाशको आवश्यकता एकातिर देख्छौं भने अर्कोतिर भारत र नेपाल बीच जनस्तरीय सम्बन्धको विकासबाट दुई देश बीचको मित्रतालाई प्रवर्द्धन गर्न सघाउ पुग्छ भन्ने हाम्रो धारणा छ । नेपाल र हाम्रो अर्को छिमेकी मित्रराष्ट्र चीन बीचको घनिष्ठ सम्बन्धलाई थप महत्व दिँदै अरु व्यापक गर्नुपर्ने हाम्रो धारणा छ । अरु मित्र राष्ट्रहरु झैं चीनको पनि प्रादेशिक अखण्डतामा आँच आउने कुरा हाम्रो भूमिबाट गर्न दिनु हुँदैन भन्ने हाम्रो धारणा छ । मित्र राष्ट्र द्वय भारत र चीन बीचको सुधदो सम्बन्धको वेलामा यस क्षेत्र मै शान्ति र सहयोगको वातावरण अभिवृद्धि गर्न समेत नेपाली विदेश नीति अरु सफल हुन सक्छ भन्ने हाम्रो विश्वास छ । त्यस्तै विश्वका अरु भागका सबै मुलुकहरुसंग भाइचाराको नीतिको आधारमा हाम्रो वैदेशिक नीति संचालित हुनेछ । नेपालको विकासमा निरन्तर रुपले सहायता दिई आएका मित्र राष्ट्रहरु संगको सम्बन्ध अझ अरु सुमधुर तुल्याई यस्तो सहायता खासगरि टिकाउ विकास र विपन्न समाजको समर्थनमा मात्र उपयोग हुने परिपाटी बसाल्न हामी कटिबद्ध छौं ।



## १३. कार्यशैली बारे धारणा

कार्यशैली कुनै व्यक्ति वा संस्थाले आफ्नो लक्ष्य वा योजना पुरा गर्ने गतिविधि वा व्यवहारमा अपनाइने कामको तरिकालाई अभिव्यक्त गर्दछ । यो तरिका ठीक नभएमा राम्रा राम्रा योजना र लक्ष्यहरु प्राप्त गर्ने कुरा "आकाशको फल आँखा तरी मर" भने जस्तै हुन्छ । अत: हाम्रो पार्टीले आफ्नो योजना एवं कार्यक्रमलाई प्राप्त गर्न निम्न आधारभूत कार्यशैलीहरु अपनाउने छ । (१) भनाई र गराई माझ एकरुपता कायम राख्न कुनै कसर बाँकी नराख्ने (२) आफ्ना कमजोरीहरु पत्ता लगाएर आत्ममूल्यांकन साथ आफुलाई सच्याउँदै नयाँ कार्यहरुको थालनी गर्ने (३) जनताको हित र लक्ष्य प्राप्तिको लागि पार्टीको पुरै क्षमतालाई लगानी गर्ने (४) साँचो, तथ्ययुक्त एवं तर्कसंगत कुराहरुको प्रचारक बन्ने (५) दाम, दण्ड भेदको परम्परागत शैलीलाई संयम र योजनाबद्ध ढंगले निस्तेज गर्ने (६) हरेक घटनालाई समस्त ऐतिहासिक विकास प्रकृयाको उज्यालोमा अध्ययन र विश्लेषण गर्ने (७) हरेक क्षेत्रमा देखिने एकतर्फीपन, पछौटेपन, पलायन, आवेश र लोभलाई पन्छाउन हर संभव प्रयास निरन्तर जारी राख्ने र पार्टीका सदस्यहरुले आफैलाई समेत सच्याउने (८) सबै कार्यहरु प्रजातान्त्रिक परिपाटी अनुरुप अहिंसात्मक, शान्तिपूर्ण प्रयास एवं साझा सहमतिद्वारा निप्टाउने (९) मानसिक प्रदूषण फैलाउने खालका भ्रष्ट र सामन्तयुगीन आचरणलाई पार्टी बाहिर र भित्र दुवै क्षेत्रबाट पन्छाउने (१०) साझा उद्देश्य प्राप्त गर्ने क्रममा प्रजातान्त्रिक आधारमा इमान्दार र नैतिकवान शक्तिहरुसंग मोर्चा विस्तार गर्ने (११) पार्टीको छविलाई धमिल्याउने सदस्यहरुलाई नसुधिएमा निष्काशन गर्ने (१२) पार्टीका सम्पूर्ण पहलुहरु बारे प्रष्ट नभएसम्म स्वस्थ वातावरणमा छलफल गर्ने र सो अनुकूल दिनचर्या विकास गर्दै जाने (१३) राजनैतिक क्षेत्रमा परिस्थिति अनुसार प्रधानता वा प्रमुखता दिनुपर्ने विषयलाई छनौट गर्न र कार्य निर्धारण गर्ने (१४) नेताहरु जनता प्रति उत्तरदायी हुने र जनताका पंक्तिबाट ऐतिहासिक रुपले पछाडि परेकाहरुलाई विकास कार्य र निर्णयका कार्यमा सहभागी बनाएर उनीहरुलाई उठाउने र पार्टी कार्यमा गति ल्याउने, (१५) साध्य र साधन माझको जीवन्त तादात्म्यलाई टुट्न वा जुझ्न नदिने ।

समाजमा र खासगरि राजनीतिमा नैतिक मूल्यको ह्रास नै हामी नेपालीको निम्ति प्रमुख चुनौती भएको छ । भ्रष्टाचार समाजको सामान्य प्रकृति हुने, यसको निराकरणमा अगुवा हुनु पर्ने नेतृत्व, सरकार र राजनीतिक दलहरु आफै दिग्भ्रमित हुने र जनता भनेको ठगी खाने भाँडो मात्र हुने आजको अवस्थाको सबैभन्दा ठूलो मार प्रजातन्त्रलाई परेको छ । जनता यस अतुलनीय शासन पद्धतिलाई गलत तरिकाले बुझ्दैछन् । उनीहरुलाई राजनीतिक प्रकृया प्रतिको उदासीनताबाट जोगाउने काम हामीले व्याख्या गर्ने आदर्शमा मात्र होइन हाम्रो पार्टीले अंगिकार गरेको कार्यशैलीको प्रभावकारितामा भर पर्छ भन्ने कुरा प्रति हामी सचेत छौं ।

प्रजातान्त्रिक लोकदलको निम्ति सामाजिक प्रजातन्त्र, राष्ट्रियता र विकासका माथि उल्लेखित आदर्श र आग्रहरुले आफ्नो मार्ग प्रशस्त गर्नेछन् । अर्थात्, भावी नेपालको पुनर्रचना गरिँदा प्रजातान्त्रिक लोकदललाई यिनै आदर्शहरुले अभिप्रेरित गर्नेछन् । एक प्रजातान्त्रिक पार्टीको रुपमा प्रजातान्त्रिक लोकदलले प्रजातन्त्रवादीहरुको निम्ति मूल चुनौती बुझेको छ । आर्थिक सामाजिक दृष्टिले ध्रुविकृत मुलुकमा प्रतिस्पर्धात्मक राजनीतिक प्रकृयाबाट समाज विकासको क्रमलाई अघि बढाउन खोज्दा शक्ति सम्पन्न वर्ग नै राज्य सत्तामा पुग्ने र यसरी राज्य नै शोषित पीडितको निम्ति दमनको हतियार बन्न सक्ने सम्भावना एकातिर छ भने यसै स्थितिलाई अघि सारेर प्रजातन्त्रको निरर्थकता प्रमाणित गर्न खोज्ने गैर-प्रजातान्त्रिक खेमाहरुको

पनि कमी छैन । प्रजातान्त्रिक लोकदल ती दुवै स्थितिलाई प्रतिवाद गर्न प्रतिवद्ध छ । समाजले अपेक्षा गरेको युगान्तकारी परिवर्तनको वाहक प्रजातन्त्रवादीहरु नै हुन सक्दछन् र यस्तो परिवर्तन शान्तिपूर्ण एवं अहिंसात्मक तरिकाले हासिल गर्न सकिन्छ भन्ने कुरामा प्रजातान्त्रिक लोकदलको पूर्ण विश्वास छ । यही नै प्रजातान्त्रिक लोकदलले शुरु गरेको राजनीतिक, आर्थिक र साँस्कृतिक आन्दोलनको सार हो ।

आजको अन्तरनिर्भर विश्वमा विद्यमान संभावनाहरुको फलमा सहभागी हुन मात्र होइन हाम्रो आफ्नो राष्ट्रिय अस्मिताको संवर्धन समेतको निम्ति जुन नवीनतम सामाजिक मूल्यहरु, राजनीतिक संस्कृति र आर्थिक सोचाइको आवश्यकता छ त्यसको परिपूर्तिको निम्ति हामीसंग अब समय धेरै छैन । अर्थात् विगतका चालीस वर्ष खेर फाले जस्तो अब दश वर्ष पनि खेर फाल्ने औकात हामी नेपालीको छैन-यदि हामी स्वाभिमानी नेपाली भएरै बाँच्ने हो भने । यस्तो विकट राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थितिलाई हृदयगंम गर्दै प्रजातान्त्रिक लोकदल, २०४६ सालको जन-आन्दोलनबाट प्राप्त उपलब्धी एवं युगान्तकारी परिवर्तनको क्षणका नवीन मागहरुको जगमा शान्त संमृद्ध, न्यायपूर्ण र मानव जातिको उच्चतम आदर्शको रुपमा अभिव्यक्त नेपाल राष्ट्रको निर्माणको निम्ति आफ्नो प्रण दोहोऱ्याउँछ ।

**काठमाडौं**

**२३ भाद्र, २०५०**

मुद्रक : युनाइटेड ग्राफिक प्रिन्टर्स (प्रा.) लि.
फोन ४१९५१०